# प्रभाव दैनिक
National Daily

वर्ष ६ | अंक ३१७ | काठमाडौं | बुधबार, ३ बैशाख २०७७ | Prabhab National Daily, Wednesday, April 15, 2020 | URL www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



नयाँ वर्ष २०७७ को उपलक्ष्यमा हाम्रा पाठक, विज्ञापनदाता, पत्रकार, लेखक, कर्मचारी र शुभचिन्तकहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना ।

अध्यक्ष
दुर्गा बहादुर लिम्बू
तथा
प्रभाव पब्लिकेसन प्रा.लि. परिवार


सन्दर्भ : वैदेशिक रोजगार

## कुवेतमा १२ नेपालीलाई कोरोना संक्रमण

■ योगी योगेन्द्र

**दोहा–** कुवेतमा कोरोना संक्रमित नेपालीको संख्या १२ पुगेको छ । कुवेतमा सोमबार थप १ जना नेपालीमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण देखिएपछि कुवेतमा कोरोना संक्रमित नेपालीको संख्या १२ पुगेको हो ।

सोमबार सार्वजनिक गरेको तथ्यांकअनुसार अनुसार १ नेपालीसहित ६६ जना नयाँ संक्रामित फेला परेका हुन् । योसँगै कुवेतमा कोरोना संक्रमित बिरामीको संख्या १३ सय पुगेको कुवेतको स्वास्थ्यले मन्त्रालयले जनाएको छ ।

कोरोनाबाट दुई जनाको मृत्यु भएको छ भने १ सय ५० जना उपचारपछि घर फर्किएका छन् । जंगली तथा घरपालुवा पशुपंक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहन, आफू बिरामी परेको बेलामा घरमा छुट्टै कोठामा बस्न तथा ज्वरो, रूघा, खोकी वा श्वासप्रश्वासमा समस्या देखिए सम्पर्क गर्न र आफ्नो अवस्थाबारे जानकारी गराउन दूताबासले अनुरोध गरेको छ साथै कुवेत सरकारले जारी गर्ने स्वास्थ्य सम्बन्धी निर्देशनहरू पालना गर्न भनेको छ ।

लकडाउन तथा कर्फ्यू लागेका बेला लामो समय घरभित्र रहँदा आफूलाई स्फूर्त राख्न व्यायम तथा योगा गर्न, गीत, संगीत, साहित्य सिर्जनाजस्ता रचनात्मक कार्य गर्न दूताबासले अनुरोध गरेको छ ।

## साउदी अरबमा अनिश्चितकालीन कर्फ्यू

■ योगी योगेन्द्र

**दोहा–** साउदी सरकारले कर्फ्यूको अवधि अनिश्चितकालका लागि लम्ब्याएको छ । कोरोना संक्रमितहरूको संख्या बढेसँगै साउदीमा अनिश्चितकालीन कर्फ्यू लम्ब्याइएको हो ।

कोरोना भाइरसको संक्रमण रोक्न गत २३ मार्चमा जारी गरेको २१ दिने कर्फ्यूको अवधि अर्को सूचना नभएसम्मका लम्ब्याएको साउदीस्थित नेपाली दूताबासले जनाएको छ ।

कोरोना संक्रमितहरूको संख्या बढेसँगै थप सावधानी अपनाउन आवश्यक भएकाले कर्फ्यूको समय थप गरिएको हो । साउदीका विभिन्न १३ क्षेत्रहरूबीचको आवागमनमा लागेको प्रतिबन्धसमेत यथावत् रहेको दूताबासले जनाएको छ ।

हवाइजहाज, रेल तथा बसलगायत सार्वजनिक यातायातका साधनहरूबाट एक स्थानबाट अर्को स्थानमा सजिलै र शीघ्र यो रोगको संक्रमण हुने भएकाले अहिले नियमित हवाई सेवा तथा अधिकांश सार्वजनिक यातायतहरू बन्द भएका छन् ।

व्यक्तिगत स्पर्श र व्यक्ति-व्यक्तिबीच आवश्यक दूरी कायम नहुँदा संक्रमण एक व्यक्तिबाट अर्कोमा शीघ्र हुने हुँदा सामाजिक दूरी कायम गर्न दूताबासले साउदी अरबमा रहेका सम्पूर्ण नेपाली समुदायलाई अपिल गरेको छ ।

साउदीमा कोरोना भाइरसबाट संक्रमितको संख्या ४ हजार ४६२ पुगेको छ । साउदीमा कुल संक्रमितहरू मध्ये हालसम्म ७ सय ६१ जना निको भएका छन् भने अहिलेसम्म संक्रमणबाट ५९ जनाको मृत्यु भएको छ । थप नेपालीहरूमा संक्रमण नभएको दूताबासले जनाएको छ ।

## कोरियाद्वारा ५० दिन भिसा थप

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियाले नेपाली कामदारलाई ५० दिन भिसा थप्ने भएको छ । दक्षिण कोरिया सरकारले रोजगारीका लागि इपिएस प्रणालीमार्फत कोरिया पुगी रोजगारी गरिरहेका कामदारलाई ५० दिन भिसा थप्ने निर्णय गरेको हो ।

त्यहाँको श्रम मन्त्रलायका अनुसार १४ अप्रिलदेखि लागू हुने गरी इपिएसमार्फत कोरिया पुगेर भिसा अवधि सकिनेका लागि कोरोना माहामारीको समस्याका कारण स्वदेश फर्कन नसकेका नेपालसहित अन्य १५ मुलुकका प्रवासी कामदारलाई ५० दिनको भिसा थप हुने भएको हो ।

इपिएस प्रणालीमार्फत कोरिया आएर रोजगारी गर्ने मजदुरले कोरियामा चार वर्ष १० महिना मात्र बस्न पाउने नियम छ । उक्त नियमअनुसार चार वर्ष १० महिना अवधि पूरा भएका कामदार स्वदेश फर्कनुपर्ने हुन्छ तर अवधि पूरा भएर पनि कोरोना माहामारीका कारण स्वदेश फर्कने तयारीमा रहेर फर्कन समस्यामा परेका झन्डै १८ हजार ५ सय प्रवासी मजदुर (इ-९) लाई यो निर्णयले सहज बनाएको छ । यसअघि फेब्रुअरीमा पनि ५० दिन भिसा थप्ने निर्णय भएको थियो ।

## १२ दिन थपियो 'लकडाउन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले 'लकडाउन' अवधि १५ बैशाखसम्म गर्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले १५ वैशाखसम्मका लागि लकडाउनको अवधि थप गर्ने निर्णय गरेको हो ।

सरकारले गत ११ चैतदेखि लागू गरेको लकडाउनको समय आजै सकिएको छ । तर, कोरोना भाइरस संक्रमित भेटिनेक्रम नरोकिएपछि पुनः १२ दिन लकडाउनको समय थप गर्ने निर्णय गरेको हो ।

मंगलबारसम्म नेपालमा १६ जना कोरोना संक्रमित भेटिइसकेका छन् भने मंगलबारमात्रै राजधानीको सनसिटी अपार्टमेन्टमा बसेका २ जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने मंगलबार साँझ काभ्रेपलाञ्चोकमा दुई जना र धादिङमा एक जनामा संक्रमण पोजिटिभ देखिएको छ । तर, सरकारले पछिल्लो रिपोर्टलाई आधिकारिक रूपमा उल्लेख गरेको छैन । अहिलेसम्म सुदूरपश्चिम प्रदेशमा पाँच जना, गण्डकी पदेशमा २ जना, प्रदेश २ मा चार जना र काठमाडौंमा ४ जना कोरोना संक्रमित उपचाररत छन् । एकजना भने उपचारपछि घर फर्किसकेका छन् ।

यसअघि सरकारले ११ चैतदेखि १८ गतेसम्मका लागि लकडाउनको घोषणा गरेको थियो । त्यसपछि फेरि १५ चैतसम्मका लागि लकडाउन गरेकोमा तेस्रो चोटी समय थप्दै ३ वैशाख र अहिले चौथोपटक समय थप गर्दै सरकारले २५ वैशाखसम्मका लागि लकडाउनको समय थप गरेको हो ।

कोरोना कहर : नेपालमा बढ्दै जोखिम

# सनसिटी अपार्टमेन्ट शिलबन्दी



■ प्रभाव संवाददाता

**काठमाडौं–** साढे दुई महिनाअघि चीनको उहान सहरबाट फैलिएको कोरोना भाइरस (कोभिड-१९) युरोप र अमेरिकापछि दक्षिण एसियाली मुलुक प्रभावित बन्दै गएको छ । दक्षिण एसियाली मुलुक भारत र पाकिस्तानमा तिव्ररूपमा यो भाइरसको संक्रमण बढिरहेको बेला नेपालमा पनि दुई दिन यता संक्रमित देखिन थालेका छन् । यस थप चिन्ता बढाएको छ ।

पेप्सीकोलास्थित सनसिटी अपार्टमेन्टमा बस्ने दुई जनाका कोरोना संक्रमण भएको पुष्टि भएकै दिन मंगलबार अर्को दुई नेपालीमा पनि संक्रमण देखिएको छ । बेलायतबाट आएका दुई नेपालीमा पिसिआर प्रविधिबाट परीक्षणमा मंगलबार कोरोना संक्रमण पुष्टि भएको हो । तीन जनामध्ये एक जनाको भने नेगेटिभ रिपोर्ट आएको स्वास्थ्य मन्त्रालयले प्रेस बिज्ञप्तीमार्फ जानकारी दिएको छ ।

आरडिटी टेष्टमा पोजेटिभ देखिएपछि उनीहरूलाई सोमबार नै अस्पताल भर्ना गरिएको थियो । उनीहरूमा मंगलबार संक्रमण पुष्टि भएसँगै अपार्टमेन्टमा बस्ने करिब पाँच सय परिवारका १८ सय जना जोखिममा परेका छन् । साथै उनीहरूबाट थप व्यक्तिमा संक्रमण भएको हुनसक्ने भएकाले उपत्यका नै जोखिममा परेका छन् । ८१ वर्षिया आमा र ५८ वर्षिया छोरामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ । उनीहरूमा संक्रमण पुष्टि भएपछि सो अपार्टमेन्टमा शिल गरिएको छ । त्यहाँ बस्नेको सबैको परीक्षण गर्ने स्वास्थ्य मन्त्रालयको तयारी छ ।

उनीहरू गत ५ चैतमा कतार एयरलाइन्सबाट काठमाडौं आएका थिए । तीमध्ये आमा छोरामा संक्रमण देखिएको हो । एयरलाइन्सका अन्य यात्रुको समेत खोजी सुरु भएको छ । उनीहरूको घरमा काम गर्ने दुई जनालाई पनि क्वारेन्टाइनमा राखेर परीक्षण गर्न लागिएको छ । यससँगै सरकारले सनसिटी शिल गरेको छ ।

यस्तै, मंगलबार र्‍यापिड टेस्टमा काभ्रेका दुईजना तथा धादिङमा एक जनामा रिपोर्ट पोजेटिभ आएको छ । सो रिपोर्टपछि थप कडाई सुरु भएको छ । यद्यपी, पिसिआर प्रविधिबाट परीक्षण गरेपछि उनीहरूमा कोरोना संक्रमण भए/नभएको पुष्टि हुनेछ ।

काभ्रेको बेथानचोक गाउँपालिकाका २८ वर्षीय र मण्डनदेउपुर नगरपालिकाका २३ वर्षीय व्यक्तिर्को र्‍यापिड टेस्ट रिपोर्ट पोजेटिभ आएको जनाइएको छ । बेथानचोकका व्यक्ति भारतबाट गत ९ चैतमा घर फर्किएका थिए भने मण्डनपुरका व्यक्ति ७ चैतमा दुबईबाट आएका थिए ।

मण्डनदेउपुरका व्यक्ति २२ दिन क्वारेन्टाइनमा बसेर घर गएका थिए । बेथानचोक गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद तिमल्सिनार्ले र्‍यापिड टेस्टमा पोजेटिभ देखिएपछि थप परीक्षणका लागि धुलिखेल अस्पताल पठाइएको बताए ।

मण्डनदेउपुर नगरपालिकाका मेयर टोकबहादुर वाइवाले एक जनार्मा र्‍यापिड टेष्टमा कोरोनाको शंका लागेपछि धुलिखेल अस्पताल पठाइएको बताए । थप रिपोर्ट आएपछि कोरोना भएरनभएको एकिन हुने उनको भनाइ छ ।

र्‍यापिड टेस्टमा पोजेटिभ देखिएपछि दुवैजनालाई धुलिखेल अस्पताल ल्याइएको छ भने उनीहरूको धुलिखेल अस्पतालमै स्वाब परीक्षण गरिने भएको छ । उनीहरूको परिवारलाई भने तत्काल क्वारेन्टाइनमा राख्ने निर्णय भएको छ ।

त्यस्तै, धदिङको ज्वालामुखी गाउँपालिका-३ का युवकमा पनि संक्रमण भेटिएको छ । उनी ४२ दिनअघि कोरियाबाट आएका थिए । उनको पनि पिसिआर टेष्ट हुन बाँकी रहेको बताइएको छ । विदेशबाट फर्किएका सबैलाई द्रुत परीक्षण गर्ने योजनाअनुसार परीक्षण गर्दा पोजिटिभ देखिएको ज्वालामुखीका स्वास्थ्य संयोजक सुजन श्रेष्ठले बताए ।

प्रमुख जिल्ला अधिकारी अस्मान तामाङका अनुसार थप परिक्षणका लागि उनलाई सदरमुकामस्थित अस्थायी आइसोलेसनमा राखेर स्वाब राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला पठाइने छ । २० फागुनमै नेपाल आएका उनलाई २ र ३ चैतमा ज्वरो आएको बताइएको छ । केही दिनयता संक्रमणका नयाँ बिरामी बढिरहेकाले नेपालमा जोखिम बढाएको छ । यसअघि कतार भारत लगायत विदेशबाट आएका १२ नेपालीमा कोरोना संक्रमण पुष्टि भइसकेको छ ।

कोरोना कहरमा विश्व

## एक लाख १९ हजार बढीको मृत्यु

■ एजेन्सी

**जेनेभा–** कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट विश्वभरी १९ लाख २६ हजार २३५ जना संक्रमित भएका छन् । यस प्रकोपबाट संसारभरि १ लाख १९ हजार ७२४ जनाको मृत्यु भएको छ ।

यस रोगबाट ४ लाख ५२ हजार ३६७ जना निको भएको तथ्यांक छ । अमेरिकामा मात्र ५ लाख ८७ हजार १७३ जना संक्रमित भएका छन् । यो तथ्यांक मंगलबार मध्याह्नसम्मको हो ।

अहिलेसम्म कोरोनाभाइरस संक्रमणबाट १५ मुलुक अत्यन्त प्रभावित भएका छन् । जसमध्ये अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । अमेरिकामा मंगलबारसम्ममा २३ हजार ६४४ जनाको मृत्यु भएको भने ५ लाख ८७ हजार १७३ जना संक्रमित छन्, जसमध्ये ३६ हजार ९४८ जना निको भएका छन् ।

स्पेनमा १७ हजार ७५६ जनाको मृत्यु भएको छ, यहाँ १ लाख ७० हजार ९९ जना संक्रमित भएका छन् भने ६४ हजार ७२७ निको भएका छन् । त्यस्तै, इटालीमा यो संक्रमणबाट २० हजार ४६५ जनाले ज्यान गुमाएका छन् भने यहाँ १ लाख ५९ हजार ५१६ जना संक्रमित भएका छन्, जसमध्ये ३५ हजार ४३५ उपचारपछि घर फर्किएका छन् ।

यस्तै, फ्रान्समा १४ हजार ९६७ जनाको मृत्यु, १ लाख ३६ हजार ७७९ संक्रमित भएका छन् भने यहाँ २७ हजार ८१८ निको भएका छन् । त्यस्तै, जमर्नीमा ३ हजार १९४ जनाले ज्यान गुमाएका छन् भने यहाँ १ लाख ३० हजार ७२ संक्रमित भएका छन् । त्यसमध्ये ६८ हजार २०० जना निको भएका छन् । बेलायतमा अहिलेसम्म संक्रमणबाट ११ हजार ३२९ जनाले ज्यान गुमाएका छन् भने ८८ हजार ६२१ जना संक्रमित भएका छन् । यहाँ ३४४ जना उपचारपछि निको भएका छन् ।

संक्रमण उत्पन्न भएको चीनमा अहिलेसम्म ३ हजार ३४१ जनाले ज्यान गुमाएका छन् भने ८२ हजार २४९ जना संक्रमित छन् । यहाँ ७७ हजार ७३८ जना उपचारपछि निको भएका छन् । इरानमा ४ हजार ५८५ जनाको मृत्यु भएको छ । ७३ हजार ३०३ जनामा संक्रमण भएको छ, जसमध्ये ४५ हजार ९८३ जना ठी भएका छन् ।

यस्तै, टर्कीमा १ हजार २९६ जनाले ज्यान गुमाएका छन् भने यहाँ ६१ हजार ४९ जना संक्रमित भएका छन् । यहाँ ३ हजार ९५७ जना उपचारपछि ठीक भएका छन् ।

बेल्जियममा ३ हजार ९०३ ले ज्यान गुमाएका छन् भने ३० हजार ५८९ जना संक्रमित छन्, जसमध्ये ६ हजार ७०७ निको भएका छन् । नेदरल्यान्ड्समा २ हजार ८२३ जनाले ज्यान गुमाएका छन् भने २६ हजार ५५१ लाई संक्रमण भएको छ । यहाँ २५० जना निको भएका छन् ।

स्विट्जरल्यान्डमा १ हजार १३८ जनाको मृत्यु भएको छ, यहाँ अहिलेसम्म २५ हजार ६८८ जनालाई संक्रमण भएको छ भने १३ हजार ७०० जना निको भएका छन् । यस्तै, क्यानडामा ७८० जनाले ज्यान गुमाएका छन् भने २५ हजार ६८० जना संक्रमित छन् । यहाँ ७ हजार ७५६ जना निको भएका छन् । ब्राजिलमा अहिलेसम्म १ हजार ३५५ जनाले यो संक्रमणबाट ज्यान गुमाएका छन् भने यहाँ २३ हजार ७२३ संक्रमित छन् भने २ हजार ७९ जना उपचारपछि घर फर्किएका छन् ।




# पाटन अस्पतालको सबै सेवा नियमित




**काठमाडौं–** लगनखेलस्थित पाटन अस्पतालले कोभिड-१९ का सम्भावित संक्रमितको उपचारसँगै यहाँ आउने सबै रोगका बिरामीको उपचार गरिरहेको छ ।

अस्पतालले कोभिड-१९ का सम्भावित बिरामीलाई 'आइसोलेसन शय्या' मा राखेर उपचार गरिरहेको छ । अरु सबै किसिमका समस्या लिएर बिरामीहरू अस्पताल आइपुग्ने गरेका छन् । ती बिरामीको पनि उपचार गरिएको अस्पतालका निर्देशक डा. विष्णुप्रसाद शर्माले बताए । 'लकडाउन'का कारण बिरामीलाई अस्पतालसम्म आउन सहज नभएकाले संख्या घट्नु स्वभाविक भएपनि अस्पतालले सबै सेवा नियमित गरेको उनको भनाइ छ । उनले भने, 'बिरामीको सङ्ख्या कम भएपनि सबै खालका बिरामी आइरहेका छन् ।'

काठमाडौं उपत्यकामा बिरामीको चाप उच्च रहने अस्पतालमध्ये यो अस्पताल पनि एक हो । सामान्य अवस्थामा दैनिक झण्डै दुई हजार बिरामी आउने गरेकामा 'लकडाउन' यता यो संख्या घटेर दैनिक दुई सय हराहरीमा पुगेको अस्पतालले जनाएको छ । अस्पतालमा प्रसूति सेवाका लागि आउनेको सङ्ख्या पनि धेरै छ । त्यो संख्या 'लकडाउन' पछि पनि खासै कम नभएको निर्देशक डा. शर्माले बताए ।

सरकारले यो अस्पताललाई कोभिड-१९ को केन्द्र अस्पतालका रूपमा तोकेको छ । अस्पतालले संक्रमित व्यक्तिलाई उसको अवस्थाअनुसार उपचारका लागि तयारी गरेको छ । रुघाखोकी र ज्वरोका कुनै पनि बिरामी अस्पताल पुगेपछि उसलाई छुट्टै राख्ने शय्या (आइसोलेसन वार्ड)को व्यवस्था गरिएको छ ।

यही शय्यामा बिरामीलाई संक्रमण परीक्षण हुने गरेको निर्देशक शर्माले बताए । परीक्षणमा पोजेटिभ देखिँदा ती व्यक्तिलाई राख्न अस्पतालमा छुट्टै १५ शय्याको व्यवस्था छ । अस्पतालमा अहिले पनि हिजो काँडाघारीको सनसीटि अपार्टमेन्टबाट आएका एउटै परिवारका तीन जना व्यक्ति छन् । उनीहरूको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट रिपोर्ट आउन बाँकी छ । उनीहरूमा अरु स्वास्थ्य समस्या नदेखिएको उनले बताए । कोरोना भाइरस संक्रमणको सम्भावना देखिएर अहिलेसम्म 'आइसोलेसन वार्ड' मा राखिएका ३८ जना घर फर्किएको अस्पतालले जनाएको छ ।

अस्पतालमा अहिले २० वटा सघन उपचार कक्ष रहेका छन् । कतिपय शय्यामा अहिले अरु रोगका बिरामी रहेका छन् । अरु रोगका बिरामीलाई व्यवस्थापन गर्दै कक्ष आवश्यक पर्दा कोभिड-१९ का गम्भीर खालका बिरामीलाई उपचार गर्ने तयारी भइरहेको छ । तत्कालका लागि अस्पतालले गरेको व्यवस्थापन अपर्याप्त नभएको निर्देशक शर्माले बताउनुभयो । भविष्यमा माहामारीकै अवस्था आउँदा अपर्याप्त हुनसक्ने भएपनि अहिलेको अवस्था पर्याप्त हुने देखिएको छ । जिल्लामा रहेका अस्पतालले पनि उपचारका लागि तयारी अवस्थामा रहनुपर्ने उनको भनाइ छ ।

पाटन अस्पतालले कार्यरत चिकित्सकको सुरक्षाका लागि दुई साता पहिलेदेखि आफैँले पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पिपिई) बनाउन थालेकामा अहिलेसम्म झण्डै दुई सय थान तयारी गरिसकेको छ । तीमध्ये धेरै प्रयोगसमेत भइरहेको र कतिपय आगामी दिनमा प्रयोग गरिने अस्पताल प्रशासनले जनाएको छ ।

'पिपिई' अभावको अवस्था आउन नदिन अस्पतालले भने आफैं निर्माण शुरु गरेको निर्देशक डा. शर्माले बताए । उनले चीनमा रोगको संक्रमण देखिएपछि नै यहाँ पिपिई बनाउने योजना बनाइएको थियो, नेपालमा नै संक्रमित बिरामी देखिएपछि बनाउन शुरु गरिएको बताए । अस्पतालले यहाँ कार्यरत स्वास्थ्यकर्मीलाई नै आवश्यक भएकाले पिपिई बनाउन शुरु गरेको हो । आइसोलेसन वार्डमा रहेका बिरामीको उपचारमा संलग्न चिकित्सकले पिपिई प्रयोग गर्दै आएका छन् । अस्पतालमा पिपिई बनाउन थालिएको भनेपछि धेरैले अरु अस्पतालका लागि वा बेच्नका लागि भन्ने भ्रममा रहेका छन् । रासस

# क्वारेन्टाइनमा अनिवार्य

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** क्वारेन्टाइनमा १४ दिन बसेर पनि कोरोना भाइरसको संक्रमण नदेखिएका व्यक्ति पनि थप सात दिन घरमै क्वारेन्टाइनमा बस्नुपर्ने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको 'कोभिड १९को प्रयोगशाला जाँचको राष्ट्रिय निर्देशिका-२०७७'मा विदेशबाट आएका र क्वारेन्टाइनमा १४ दिनदेखि बसिरहेका कोभिड-१९ को लक्षण चिह्न नदेखिएका व्यक्ति घरमा थप एक हप्ता क्वारेन्टाइनमा बस्नुपर्ने व्यवस्था गरेको छ ।

मन्त्रालयका स्वास्थ्य विज्ञ सल्लाहकार डा खेम कार्कीले परीक्षणलाई व्यवस्थित बनाउन निर्देशिका जारी गरिएको बताए । निर्देशिकामा प्रयोगशाला परीक्षणबाट पोजेटिभ भएका व्यक्तिको सम्पर्क वा संसर्गमा आएका तर घरमै क्वारेन्टाइनमा बसेका, १४ देखि २१ दिन पुगेका र कोभिड-१९ को लक्षण चिह्न नदेखिएका व्यक्ति पनि द्रुत परीक्षण कीट (र्‍यापिड डाइग्नोस्टिक टेस्ट) बाट परीक्षण गर्ने, क्वारेन्टाइनबाट घर पठाउने अवधि पुगेका र क्वारेन्टाइनमा बसेको १४ दिनभन्दा अघि नै आरटी पीसीआर विधिबाट जाँच गर्दा नेगेटिभ रिपोर्ट आएका व्यक्तिको पनि १४ देखि २१ दिनमा परीक्षण गर्ने उल्लेख गरिएको छ ।

यसैगरी पीसीआरबाट अस्पताल वा स्वास्थ्य संस्थामा कोभिड-१९ का शंकास्पद वा संक्रमित बिरामीको उपचारमा संलग्न चिकित्सक, नर्स, प्रयोगशालाकर्मी र अन्य कर्मचारी कोभिड-१९ को लक्षण र चिह्नहरू देखिएका स्वास्थ्यकर्मीले अनिवार्य गर्नुपर्ने), प्रयोगशाला परीक्षणबाट पोजेटिभ (संक्रमित) भएका व्यक्तिको सम्पर्क वा संसर्गमा आएका लक्षण र चिह्न नदेखिएका व्यक्ति (संसर्गमा आएको ५-१४ दिनभित्रमा परीक्षण गर्ने) निर्देशिकामा उल्लेख गरिएको छ ।


## वाह्रवन साझेदारी वन व्यवस्थापन समिति कैलाली

प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०१।०३

**काठ/दाउरा संकलन तथा घाटगद्दी सम्बन्धि कार्यका लागि घटाघट शिलबन्दी बोलपत्र पेस गर्ने बारेको विस्तृत सूचना**

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत वाह्रवन साझेदारी वन व्यवस्थापन क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन एवं पुनरुत्पादन कटान कार्यबाट आ.व. २०७६।०७७ मा तपशिल वमोजिमका प्लटहरूमा पुनरुत्पादन कटानका लागि छनोट गरिएका छपान लगत मूल्यांकन भएका तपशिल बमोजिमका रुखहरूबाट काठ दाउरा संकलन गरी डिभिजन वन कार्यालय कैलालीले तोकिएको स्थानमा घाटगद्दी ढुवानी गर्नुपर्ने भएकाले सबैभन्दा घटी दरमा काम गर्न इच्छुक व्यक्ति, फर्म, उदोग, संघ, संस्थाले निम्न प्लटमध्ये कुन प्लटको काठ दाउरा के कति घटी दर रेटमा कटान मुछान संकलन गर्ने हो ? छुट्टाछुट्टै प्लटको छुट्टाछुट्टै बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र अर्थात मिति २०७७।०२।०१ गते कार्यालय समयभित्र वाह्रवन साझेदारी वन व्यवस्थापन समितिको कार्यालय वनवेहडा कैलाली र डिभिजन वन कार्यालय कैलालीबाट बोलपत्र फाराम रु १०००।०० र ३०००।०० (फिर्ता नहुने गरी) खरिद गरी भोलि पल्ट अर्थात मिति २०७७/०२।०२ गते दिनको २ बजेभित्र शिलवन्दी बोलपत्र साझेदारी वन व्यवस्थापन समिति कार्यान्वयन ईकाई वनवेहडामा दाखिला गर्नु पर्नेछ । दाखिला भएका सिलबन्दी बोलपत्र सोही अर्थात् मिति २०७७/०२/०३ गते दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा वा निज उपस्थित नभएमा पनि यस कार्यान्वयन ईकाई वनवेहडामा खोलिनेछ । बोलपत्र साथ नेपाली नागरिकताको छाँयाकपी, आ.व. २०७५।७६ सम्म मान्य भएको करचुक्ता पत्र तथा स्थायी लेखा नं. (प्यान) लिएको र मू.अ.कर प्रयोजनका लागि दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी १० प्रतिशत धरौटी बापतको रकम यस कार्यालयको नवजीवन को-अपरेटिभ्स् लि. शाखा कार्यालय अत्तरियास्थित हि.नं. ००५०१२०००३०७००००००१ मा दाखिला गरेको सक्कलै बैंक भौचर र सक्कलै कागजात यसै साथ राखी पेस गर्नु पर्ने छ । बोलपत्र पेस गर्ने दिन बिदा परेमा सोको भोलि पल्ट तोकिएको समयभित्र दाखिला गर्न सकिनेछ । यस बारेमा थप जानकारी चाहिएमा कार्यान्वयन ईकाई वनवेहडा र डिभिजन वन कार्यालयमा समयभित्र सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

तपसिल

| क्र.स. | स.डि.व.का. | प्लट नं. र प्लटको नाम | छपान रुख संख्या | नेट आयतन | दाउरा चट्टा | कूल लागत | | धरौटी | घाटगद्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गोलिया | दाउरा | | |
| १ | भौमाहा | C1S1 | २४५ | १२८८३।८७ | २७।४५ | १८०४५१४।८३ | ४०६८६३।९ | २२११३७।८७ | स.डि.व.का. कम्पाउण्ड कैलाली |
| २ | | C2S1 | २४३ | २२९७०।७४ | २८।७४ | ३२१७२८१।८४ | ४२५९८४।२८ | ३६४३२६।६१ | |
| ३ | | C3S1 | २४४ | २११८३।४३ | ३८।६७ | २९६६९५१।२० | ५७३१६६।७४ | ३५४०११।७९ | |
| ४ | | C4S1 | २४५ | १५०४२।३९ | ४४।७४ | २१०६८३७।१४ | ६६३१३६।२८ | २७६९९७।३४ | |
| | | जम्मा | ९७७ | ७२०८०।४३ | १३९।६ | १००९५५८५।०१ | २०६९१५१।२ | १२१६४७३।६१ | |


# बेलायतमा फेरि अर्को पूर्वगोरखा सैनिक मृत्यु

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** यो हप्ता बेलायतमा प्रायः दिनको एक जना नेपालीको ज्यान कोरोनाले लिएको छ । सोमबार फेरि एक पूर्वगोरखा सैनिकको मृत्यु भएको छ । लण्डन शहरदेखि बाहिर रेडिङ भन्ने ठाउँमा बस्दै आएका ६५ वर्षीय पूर्व गोरखा सैनिक लक्षिणबहादुर गुरुङको सोमबार बिहान ७ बजे निधन भएको हो । उपचारका क्रममा रेडिङको अस्पतालमा मृत्यु भएको समाजसेवी कमल गुरुङले बताएका छन् । गत दुई सातादेखि अस्पतालमा राखिएका गुरुङलाई पछिल्लो समय भेन्टिलेटरमा राखिएको थियो । चिकित्सकले अब ठीक हुँदैछ भनेर भेन्टिलेटरबाट बाहिर राख्ने तयारी हुँदै गर्दा मृत्यु भएको कमल गुरुङको भनाइ छ ।

पुर्ख्यौली घर कास्कीको घान्द्रुक भएका उनको पछिल्लो समय पोखराको दीपमा पनि घर थियो । घान्द्रुक समाज रेडिङमा समेत उनी केही वर्ष पहिला अध्यक्ष थिए । कमलका अनुसार धुमपान र मद्यपान केही नगर्ने उनको स्वास्थ्यसमेत निकै राम्रो थियो । अहिलेसम्म सार्वजनिक भएअनुसार कोरोनाकै कारण बेलायतमा निधन हुने नेपाली नौ पुगेका छन् । तीमध्ये ६ जना पूर्वगोरखा सैनिक छन् ।

## आजको राशिफल



**एस्ट्रो राधे, गौरीघाट, काठमाडौं**
**(सम्पर्क– ९८४९२६८९८२)**

२०७७ वैशाख ३ गते मंगलबार
बैशाख कृष्ण अष्ठमी तिथि ।
सन् २०२० अप्रिल १५ तारिख ।

| राशि | फल |
|---|---|
| मेष | मिष्ठान्न भोजन, व्यापारिक प्रगती । |
| वृष | शत्रु पराजय, भ्रमण । |
| मिथुन | मानसम्मान मिल्ने, सन्तान सुख । |
| कर्कट | अनावश्यक चिन्ता, नयाँ साथीभाइ । |
| सिंह | आकसमीक लाभ, दाम्पत्य सफल । |
| कन्या | नोकरीमा पदोन्नती, पारीवारीक दुख । |
| तुला | ज्ञान आर्जन, सन्तान सुख । |
| वृश्चिक | सन्चित धन नाश, काममा ढिला सुस्ती । |
| धनु | काममा जोशजागर, पठनपाठनमा प्रगती |
| मकर | असफल काम बन्ने, झुटो आरोप । |
| कुम्भ | अनावश्यक तनाव, प्रेम असफल । |
| मीन | पारीवारीक सुख, सन्तान प्राप्ती । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

बैशाख ३ गते, २०७७ ( १५ अप्रिल २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**बल्छी थापेर माछा मार्दै स्थानीयबासी** | त्रिशुली नदी संलिएपछि नदितर्फ मानिसको आकर्षण बढेको छ । कोरोना भाइरस (कोभिड-१९) बाट बचाउन गरिएको बन्दाबन्दी (लकडाउन) पछि पर्यटकीय नदि त्रिशुली कञ्चन सङ्लो भएको छ । त्रिशुली नदि सफा र कञ्चन भएपछि नदीमा बल्छी थापेर माछा मार्दै स्थानीयबासी । तस्बिर : सीताराम अधिकारी

# पत्रकार महासंघले सुरु गर्‍यो डिजिटल सम्वाद

■ प्रभाव संवाददाता




**काठमाडौं**-नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजनामा र महासंघको डिजिटल मिडिया समितिको संयोजनमा कोरोना-१९ महामारीका सन्दर्भमा डिजिटल सम्वाद कार्यक्रम आयोजना गरिएको छ ।

संवाद कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले कोरोना महामारीमा पत्रकारहरू अग्रपङ्तीमा काम गर्नुपर्ने भएकाले उच्च जोखिममा रहेको बताए । उनले अहिलेको विषम परिस्थितिमा पत्रकारले सत्यतथ्यमा आधारित रहेर जिम्मेवार पत्रकारिता गर्नुपर्ने बताए । सञ्चार क्षेत्र गम्भीर संघारमा रहेकाले विशेष राहत प्याकेज घोषणा गर्न पनि अध्यक्ष आचार्यले सरकारसंग माग गरे ।

प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले सञ्चारकर्मीहरूलाई आचारसंहिता पालनामा गम्भीर हुन आग्रह गरे । न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष राजेन्द्र अर्यालले संकटका बेला पत्रकारहरू पारिश्रमिकबाट बञ्चित भएको बताउँदै श्रमजीवि पत्रकार थप समस्यामा परेको बताए ।

डिजिटल सम्वादमा महासंघका पूर्व सभापति डा. सुरेश आचार्य, पूर्व अध्यक्ष शिव गाँउले, महासंघका महासचिव रमेश विष्ट, प्रेस संगठन नेपालका संयोजक महेश्वर दाहाल, नेपाल प्रेस यूनियनका अध्यक्ष बद्रि सिग्देल, महासंघका प्रदेश अध्यक्ष एवम् उपाध्यक्षहरू, अनलाइन पत्रकार संघका पूर्व अध्यक्ष प्रवेश सुवेदीलगायतले धारणा राखेका थिए ।

संवाद कार्यक्रममा महासंघका प्रदेश समितिका अध्यक्षहरूले आ-आफ्नो प्रदेशको पत्रकारिता अवस्थाको बारेमा जानकारी गराएका थिए । कार्यक्रममा महासंघका महासचिव विष्टले महासंघले सञ्चारगृहहरूमा गरेको स्थलगत अनुगमन प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सञ्चारगृहहरूमा गरेको स्थलगत अनुगमन प्रतिवेदन विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस९कोभिड १९० को संक्रमण नेपालमा पनि देखापरेपछि गरिएको लकडाउनको समयमा नेपाली सञ्चार क्षेत्रले संक्रमणको उच्च जोखिम मोल्दै जनतालाई सुसूचित गराउने गहन जिम्मेवारी वहन गरिरहेको जनाएको छ । सिमित स्रोत साधन र अनेक कठिनाईका बीच कार्यस्थलमा खटिएर आफ्नो कर्तव्य पालना गर्दै नेपाली सञ्चारकर्मीहरूले ऐतिहासिक जिम्मेवारी पूरा गरिरहेका, यो असाधारण परिस्थितिमा सञ्चार क्षेत्रले खेल्नुपर्ने भूमिका र दायित्व अत्यन्तै जिम्मेवारपूर्ण ढंगबाट पूरा भइरहेको जनाएको छ ।

त्यस्तै कोरना भाइरसको उच्च जोखिम बढिरहेको समयमा सञ्चारकर्मीहरूको लागि सञ्चार गृहहरूले गरिएको पूर्वसर्तकता सन्तोषजनक नपाइएको, विशेषगरी फिल्डमा खटिने सम्वाददाता, फोटो पत्रकार र क्यामरा पर्सनहरू बढी जोखिममा रहेको, कार्यालयमा पनि आवश्यक दुरी कायम नगरिएको र कतिपय सञ्चारमाध्यमहरूमा माक्स, स्यानिटाइजर र पन्जाजस्ता अत्यावश्यक सामग्रीसमेत प्रबन्ध नगरिएको जनाइएको छ ।

अधिकांश सञ्चार गृहहरूले पत्रकारहरूलाई घरबाटै काम गर्ने व्यवस्था गरेको जानकारी दिएका छन् । केही सञ्चारगृहमा कार्यालयमै बसोबासको व्यवस्था गरेर पनि काम गर्ने व्यवस्था मिलाइएको पाइयो । तर, घरबाट अफिस जाने पत्रकारहरूमध्ये केहीले सवारी साधनको समस्या रहेको जानकारी गराए भने आफ्नै साधन प्रयोग गर्नेहरूका लागि पनि सवारी पासलगायतका समस्या परेको जानकारी गराएका छन् ।

लकडाउनको समयमा जोखिम मोलेर काम गरिरहेका पत्रकारहरूले सञ्चार गृहबाट सहजै पारिश्रमिक नपाइएको गुनासो छ । बिगतका महिनाको बाँकी पारिश्रमिकसमेत प्राप्त गर्न नसक्दा श्रमजीवी पत्रकारहरूले आर्थिक अभाव झेलेर काममा खटिएको दुखद अवस्था अनुगमनका क्रममा देखियो । श्रमजीवी पत्रकार ऐनले तोकेको अवधिभन्दा बढी काम गर्नुपर्ने अवस्था रहेको र अतिरिक्त कामको पारिश्रमिक उपलब्ध गराएको पाइएन ।

त्यस्तै लकडाउनको समयमा देशका विभिन्न स्थानमा विभिन्न व्यक्ति र निकायवाट पत्रकारमाथि कुटपिट, धम्की, दुर्व्यवहार र काममा अवरोधका घटनाहरू घटे, राज्य पक्ष, राजनीतिक दल र अन्य पक्षबाट प्रेस स्वतन्त्रता विरोधी यस्ता घटनाहरू भएको पाइयो । लकडाउनको यस अवधिमा ६ वटा प्रेस स्वतन्त्रता हननका घटना भएको महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा अभिलेख गरिएको छ ।

# लकडाउन उल्लघंन गर्ने २४२७ जना नियन्त्रणमा

■ प्रभाव संवाददाता

**काठमाडौं**-काठमाडौं उपत्यकामा लकडाउन उल्लघंन गर्ने ५ सय ५९ महिला सहित २४ सय २७ जनालाई नियन्त्रणमा लिएको छ । मंगलबार विहान ६ बजे देखि दिउँसो ५ बजे सम्म उक्त संख्यामा नियन्त्रणमा लिएको हो । यसै गरी ३ सय २० वटा दुई पाङ्ग्रे र ५० वटा चारपाङग्रे गरी ३ सय ७० वटा सवारी साधनलाई पनि नियन्त्रणमा लिएको छ । काठमाडौंबाट सबैभन्दा बढि २ हजार १९ जनालाई नियन्त्रणमा लिएको छ । यसै गरी ललितपुरबाट ३ सय ९८ र भक्तपुरबाट १० जनालाई नियन्त्रणमा लिएको छ ।

कोभिड-१९ को विश्वव्यापी महामारी फैलिएपछि नेपालमा हुने सम्भावित जोखिम रोक्न सरकारले यही चैत ११ गते बिहान ६ बजेदेखि लागू हुने गरी देश व्यापी रूपमा लकडाउनको आदेश जारी गरेकाले उल्लघन गर्नेलाई नियन्त्रणमा लिई ३ घण्टा कोरोनाको बारेमा शिक्षा दिने र छाड्ने गरिएको महानगरीय प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक विश्वराज पोखरेलले जानकारी दिए ।

लकडाउन एउटा व्यक्ति वा समुहको फाईदाको लागि गरिएको नभएर हामी सम्पुर्णको सुरक्षाको लागि सरकारले सो निर्णय गरेकाले अत्यावश्यक कार्य बाहेक घरबाट बाहिर ननिस्कन पनि सबैलाई आग्रह गरे ।

# 'हामी क्वारेन्टाइनमा ठीक छौं, तपाईंहरु घरमै बस्नुहोला'

■ दीपा घर्ती

**स्वर्गद्वारी**- प्युठानको ऐरावती गाउँपालिका- ६ बिजुलीका देवबहादुर थापा भारतमा होटलमा काम गर्छन् । रोजगारीका सिलसिलामा उनी एक वर्ष अगाडि भारत गएका हुन् । विश्वमा महामारीका रूपमा फैलिएको कोरोना भाइरस (कोभिड- १९) कारण भारतमा लकडाउन भयो । आफूले काम गर्ने होटल बन्द भएपछि साथीहरूसँगै उनी जन्मथलो प्युठान फर्किए । उनीसँगै १६ साथी कपिलवस्तुको कृष्णनगर नाका हुँदै गत चैत १२ गते नेपाल भित्रिएका थिए ।

उनीहरूलाई तीन दिन कृष्णनगर स्थित क्वारेन्टाइनमा राखियो । प्युठानस्थित आफ्नै गाउँपालिकाले उनीहरूको उद्धार गरेर गाउँपालिकाले निर्माण गरेको ऐरावती २ बरौलास्थित मोती माध्यमिक विद्यालयमा रहेको क्वारेन्टाइनमा राख्यो ।

क्वारेन्टाइनमा गाउँपालिकाले खानबस्न व्यवस्था गरेको छ । स्वास्थ्यकर्मीको रेखदेख र सुरक्षाका लागि नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षकको नेतृत्वमा व्यवस्थापन गरिएको छ । क्वारेन्टाइनमा सबै व्यवस्थापन राम्रो रहेको थापाले बताए । क्वारेन्टाइनको बसाइबाट उनले बाहिर सन्देश दिँदै भने, 'सुखदुःख गरेर बसेका छौं, हामीलाई ठीकै छ, तपाईंहरू पनि घरमै सुरक्षित बस्नुहोला ।'

परिवार र समाजका लागि क्वारेन्टाइनमा बस्दा आफूहरूलाई असहज महसुस नभएको थापासँगै क्वारेन्टाइनमा बसेका तेजबहादुर रानाले बताए । गाउँपालिकाले इन्टरनेटको ब्यवस्था पनि गरेको छ । उनले भने, 'समय बिताउन र बाहिरका समाचार थाहा पाउन दिउँसो इन्टरनेट चलाउँछौं । गाह्रो केही पनि छैन ।'

क्वारेन्टाइनको समय १४ दिनबाट बढाएर २१ दिन राख्ने सरकारी निर्णयपछि सान्त्वना दिन र त्यहाँको अवस्थाबारे अवलोकन गर्न जिल्ला प्रहरी कार्यालय प्युठानका प्रहरी प्रमुखसहित स्वास्थ्य कार्यालयका प्रतिनिधि बरौला पुगेका थिए । क्वारेन्टाइनमा बसेकाहरूलाई तोकिएको दूरी कायम गरी टाढैबाट सम्बोधन गर्दै जिल्ला प्रहरी कार्यालयका प्रमुख नरेन्द्र कार्कीले भने, 'तपाईंहरू कुनै कैदी होइन, आफू र आफ्नो घरपरिवार अनि समाजका लागि केही दिन बसिदिनुस् ।'

जिल्ला स्वास्थ्य कार्यालयका विपद् व्यवस्थापन फोकल पर्सन पुष्कल श्रेष्ठले केही देशमा १४ दिनपछि पनि भाइरस संक्रमण देखिएकाले २१ दिनसम्म राख्नुपर्ने निर्देशनानुसार समय थप गरिएको जानकारी दिए ।

ऐरावती १ दाङवाङ निवासी छमा गाहा मगरको परिवार नै क्वारेन्टाइनमा छ । उनीसँगै पति मोहन र छोराछोरी गरी चार र अन्य ६ सहित १० जना दाङवाङ माध्यमिक विद्यालयको क्वारेन्टाइनमा बसेका छन् । छमा सहित उनको परिवार १२ वर्षदेखि रोजगारीका सिलसिलामा भारतमा बस्दैआएको थियो । उनको सिङ्गो परिवार नै चैत १७ गते जन्मथलो प्युठान आएको हो । क्वारेन्टाइन बसाइमा परिवारसँगै रहेका छमाले भने, 'कुनै समस्या छैन, हाम्रो हेरचाह गाउँपालिकाले राम्रोसँग गरेको छ ।' बरु उनी क्वारेन्टाइनको २१ दिन बसाइ सकेर घरमा गएर कसरी समय बिताउने भन्ने चिन्ता लागेको बताउँछन् ।

मल्लरानी गाउँपालिका-४ का जीवन नगरकोटी रोजगारीका सिलसिलामा दुई वर्षदेखि दुबइ बसेका थिए । उनी चैत १० गते स्वदेश फर्क । फर्केदेखि नै उनी होम क्वारेन्टाइनमा बसेका छन् । उनको स्वास्थ्यमा अहिलेसम्म कुनै समस्या देखिएको छैन । नगरकोटीले भने, 'बाहिर स्थानीय तहले बनाएका क्वारेन्टाइनका सबै विधि मैले पनि अपनाएको छु ।'

जिल्ला प्रहरी कार्यालयले दिएको तथ्यांकानुसार जिल्लामा तीन हजार ८३ जना भारतलगायत विभिन्न तेस्रो मुलुकबाट जिल्लामा भित्रिएका छन् । प्युठानका नौ स्थानीय तहमध्ये सबैले क्वारेन्टाइन निर्माण गरे तापनि ऐरावती गाउँपालिका र स्वर्गद्वारी नगरपालिकाले मात्र ७५ जनालाई क्वारेन्टाइनमा राखेका छन् ।

जिल्लाका मल्लरानी, नौबहिनी, सरुमारानी, गौमुखी र झिमरुक गाउँपालिकाले विदेशबाट फर्किएकाहरूलाई घरमै सेल्फ क्वारेन्टाइनमा बस्न आग्रह गरेका छन् । जिल्लाका क्वारेन्टाइनमा बसेकाहरूमा अहिलेसम्म कुनै स्वास्थ्य समस्या नदेखिएको प्युठान नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख दलबहादुर केसी बताउँछ । उनले क्वारेन्टाइनमा बसेकाहरूलाई एकापसमा कोरोना संक्रमण नहुने गरी तोकिएकै मापदण्डका साथ व्यवस्थापन गरिएको बताए ।

माण्डवी ४ उदयपुरकोट निवासी २९ वर्षीय उमेश राना भारतको केरलाबाट आएका हुन् । भारतमा लकडाउन भएपछि घर फर्केका राना १२ दिनदेखि भुवनेश्वरी प्राविको क्वारेन्टाइनमा छन् । अहिलेसम्म उनलाई पनि कुनै समस्या छैन । रासस

## वाह्रवन साझेदारी वन व्यवस्थापन समिति कैलाली

प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०१।०३

**विषयः- काठ/ दाउरा कटान, मुछान तथा संकलनका लागि घटाघट शिलवन्दी बोलपत्र पेश गर्ने बारेको सूचना**

यस श्री वाह्रवन साझेदारी वन व्यवस्थापन समितिको स्वीकृत दश वर्षीय कार्ययोजना तथा चालु आ.व. २०७६।०७७ को स्विकृत वार्षिक कार्यक्रमअनुसार यस वन क्षेत्रभित्र तपशिल बमोजिम कायम भएका प्लटहरूमा छपान मूल्यांकन भएका विभिन्न जातका ढलापडा रुखहरू कटान, मुछान तथा संकलन गरी तोकिएको स्थानमा घाटगद्दी पाइलिङ तथा दाउरा चट्टा निर्माण गर्नु पर्ने भएकाले काम गर्न इच्छुक मू.अ.कर मा दर्ता भएका व्यक्ति, फर्म, उद्योग, संघ/ संस्थाबाट शिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१) यो सूचना प्रकाशित भएको मितिदेखि ३० (तीस) दिनभित्र अर्थात मिति २०७७।०२।०१ सम्म बोलपत्र फारामको दस्तुर रु ३०००।- (तीन हजार फिर्ता नहुने गरी) बुझाई यस श्री वाह्रवन साझेदारी वन व्यवस्थापन समितिको कार्यालय, डिभिजन वन कार्यालय, धनगढी कैलालीबाट कार्यालय समयभित्र बोलपत्र खरिद गर्न पाइने छ । खरिद गरेको बोलपत्र रितपूर्वक भरी यो सूचना प्रकाशित मितिले ३१ (एकतिसौं) दिन अर्थात मिति २०७७।०२।०२ गते दिनको २ बजेसम्म डिभिजन वन कार्यालय धनगढी कैलाली र वाह्रवन साझेदारी वन व्यवस्थपन समिति वनवेहडा कैलालीमा दाखिला गरी सक्नुपर्ने छ ।

२) सम्बन्धित कार्यालयहरूमा दाखिला भएका बोलपत्रहरू दाखिला गर्ने अन्तिम दिनको भोलिपल्ट अर्थात मिति २०७७।०२।०३ गते दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा वा निजहरू अनुपस्थित रहे पनि नियमानुसारको प्रतिनिधिहरूको रोहबरमा वाह्रवन साझेदारी वन व्यवस्थापन समितिको कार्यालय वनवेहडा कैलालीमा खोलिने छ ।

३) बोलपत्रदाताले जमानत स्वरूप उल्लेखित लागत इष्टिमेटको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नवजीवनको अपरेटिभ्स लि. शाखा कार्यालय, अत्तरियास्थित हि.नं. ००५०१२०००३०७००००० १ मा दाखिला गरेको सक्कलै बैंक भौचर र सक्कलै कागजात यसै साथ राखी पेश गर्नु पर्ने छ । फर्म दर्ताको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्र र आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रूपले बोलपत्र फाराम साथ पेश गर्नु पर्ने छ ।

४) दरभाउ पत्र स्वीकृत भएपश्चात लागत इष्टिमेटको ५ प्रतिशत रकम थप गरी धरौटी बापत कुल १० प्रतिशत रकम धरौटी राख्नुपर्नेछ ।

५) जमानत स्वरूप नगद, चेक, ड्राफ्टलाई मान्यता दिइने छैन ।

६) बोलपत्रदाताले यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र मात्र खरिद गर्नु पर्ने छ ।

७) सर्त राखी, म्याद नाघी वा रित नपुगी पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन ।

८) छुट्टाछुट्टै प्लटको छुट्टाछुट्टै खाममा शिलबन्दी गरी खाम बाहिर प्लट नं उल्लेख गरी पेस गर्नु पर्ने छ ।

९) बोलपत्रमा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ, फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१०) बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट क्रमश बोलपत्र बिक्री, दाखिला र खोल्ने कार्य हुने छ ।

११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बाह्रनवन साझेदारी वन व्यवस्थापन समितिमा सुरक्षित रहने छ ।

१२) बोलपत्र सम्बन्धी कुनै विवाद उत्पन्न भएमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१३) अन्य थप जानकारी आवश्यक भएमा यस कार्यालय र डिभिजन वन कार्यालय धनगढी कैलालीमा सम्पर्क राखी बुझ्न सकिने छ ।

तपसिल

| क्र.सं. | स.डि. व.का. | प्लट नं. र लटको नाम | छपान रुख संख्या | नेट आयतन | दाउरा चट्टा | कुल लागत | | धरौटी | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गोलिया | दाउरा | | |
| १ | चौमाला | C 1 | १७२ | १४७११।८२ | १५।१८ | २०६०५३७५० | २२४९९७९ | २२८५५३।५४ | प्लट नं C3 र C4 वाह्रवन साझेदारी भवन कम्पाउण्ड र C1 र C2 स.डि. व.का. चौमाला कम्पाउण्ड |
| २ | | C 2 | ४०८ | ३९३७७९७ | ४१।८२ | ५५१५२७८।४७ | ६१९८५६।०४ | ६१३५१३।४५ | |
| ३ | | C 3 | १८४ | १५९९४।१२ | १६।६० | २२२४१४२।३२ | २४६०४५।२ | २४७०१८।७५ | |
| ४ | | C 4 | १९५ | १५७६२।७० | १५।९६ | २१९१९६१।०६ | २३६५५९।१२ | २४२८५२।०१ | |
| | कुल जम्मा | | ९५९ | ८५८४६।६१ | ८९।५६ | ११९९१९१९।३५ | १३२७४५८।२६ | १३३१९३७।७५ | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# लकडाउनमा खै राज्यको उत्तरदायित्व ?

सरकारले लकडाउन घोषणा गरेको छ । सरकारले लकडाउन घोषणा गर्नेबित्तिकै जनताले इमानदार भएर सरकारलाई सहयोग गरेका थिए । तर, यो काम एकोहोरो मात्र भएको छ । लकडाउन घोषणा गरेपछि यसबापत सरकारले गरिब जनताको न्यूनतम आवश्यकतालाई पूरा गरिदिनुपर्छ । सरकारले लकडाउनमा थप कडाइ गर्न थालेको छ । मंगलबार लकडाउन उल्लंघन गर्ने १३३५ जनालाई होल्ड गरिएको थियो । सरकारले लकडाउन जनताकै लागि गरेको हो । यसमा दुविधा छैन तर लकडाउन घोषणा गरेपछि यसअवधिमा जनताको कम्तीमा गाँसको व्यवस्था त गर्नुपर्छ । दिनदिनै कमाएर खाने वर्गका लागि सरकारले खै राहत प्याकेज ल्याएको ? जनताले सरकारलाई सहयोग गर्नका लागि उनीहरूको न्यूनतम आवश्यकता पूरा गर्नुपर्छ । सहयोग दुवै पक्षबाट हुनुपर्छ । लकडाउन मात्र घोषणा गर्ने, राहत चाहिँ नदिने हो भने लकडाउन पालना गर्ने किन ? रोगभन्दा यहाँ भोक चर्को भइसकेको अवस्था छ ।

खाली पेटले राष्ट्रिय गान पनि गाउँदैन । खाली पेटले आराम गर्न सक्दैन । जनताले चाहेर होइन, नचाहेर लकडाउनमा बाहिर निस्केका हुन् । उनीहरूको चुल्हो बल्ने व्यवस्था गर्ने हो भने सरकारले घोषणा गरेको लकडाउनमा जनताले इमानदार भएर बस्ने छन् । जनतालाई लकडाउन अवधिमा खानेको व्यवस्था गर्ने काम सरकारको हो । रोग र भोकका बीचमा तुलना गर्ने हो भने भोक नै शक्तिशाली हुन्छ । त्यसैले सरकारले यो भोकसँग सुध्न सक्ने गरी जनतालाई तयारीमा राख्नुपर्छ । सरकारले घोषणा गरेको लकडाउनको पालना नगर्ने १३३५ जनालाई कारबाही स्वरूप ३ घन्टा होल्ड गरिएको छ । उनीहरूको न्यूनतम मागप्रति सरकार कति संवेदनशील भयो ? यो चाहिँ ठूलो कुरा हो ।

सरकारले काठमाडौं उपत्यकामा लकडाउनमा थप कडाइ गरेको छ । र्‍यापिड टेस्टका क्रममा ३ जनामा कोरोना पोजेटिभ पाइएपछि थप कडाइ गरिन लागेको हो । प्रहरीले अब मृत्यु र गम्भीर प्रकृतिका बिरामीबाहेक अरूलाई एक स्थानबाट अर्को स्थान प्रवेशमा रोक लगाउने तयारीसमेत गरेको छ । यस्तो अवस्थामा जनताले सर्वसुलभ तरिकाले राहत पाउनुपर्छ । बिहान बेलुका चुल्हो नबल्नेको चुल्हो बाल्दिने काम सरकारको हो । हुँदा जनताले छाक काटेर कर तिरेका थिए । राज्य भनेको नै आपत्‌विपतमा चाहिने हो । अहिले जनता सबैभन्दा बढी आपत्‌मा छन् । यस्तो बेला सरकारले जनतालाई साथ दिनुपर्छ । सबैकुरा ठिक भएको बेला जनताले कहिल्यै पनि सरकारलाई आफ्नो चुल्हो बाल्दिनका लागि अनुरोध गरेका छैनन् । यो लकडाउनका बेला जनताले परिश्रम गर्न पाएका छैनन् । त्यसैले सरकारले जनतालाई सहयोग गर्नुपर्छ । पछि तिर्ने गरी नै भए पनि जनतालाई सहयोग दिनुपर्छ । पछि समय ठिक हुनासाथ जनताले सरकारको ऋण चुक्ता गर्न तयार छन् ।



श्रीधर खनाल

# नेपालको अर्थतन्त्र र शासन व्यवस्थामा कोरोनाको प्रभाव

नोबल कोरोना भाइरस अर्थात् कोभिड-१९ अहिले विश्वभर साझा समस्या, चासो र महासंकटको विषय बन्दै छ । अहिले नेपाल र समग्र विश्वले कोरोना भाइरसको महामारीका कारण बिकराल परिस्थिति सामना गर्नु परिरहेकोछ । यो के-कसरी फैलँदै छ र यसले हामीलाई कसरी गाँज्नेछ अर्थात् प्रभाव कस्तो पार्नेछ अनुमान गर्न कठिन छ । संक्रमण दर र मृत्यु दरको बढ्दो क्रमले विश्वका सबैजसो मुलुक लकडाउनमा गएका छन् । यो महामारीले अर्थतन्त्रमा आउने मन्दीभन्दा पनि आममानिसको जीवन रक्षा कसरी गर्न सकिन्छ ? भन्ने चासो हुन थालेको छ । नेपालभन्दा विकास र प्रविधिले अब्बल ठहरिएका युरोप र अमेरिकामा पनि यो समस्यासँग जुध्ने सामर्थ्यता देखिएको छैन । चीन, कोरियाले गरेको प्रयास र नियन्त्रण आफैँमा प्रशंसनीय छ । ती मुलुकहरूले गरेको प्रयास र पद्धति हाम्रो देशमा लागू गर्न सक्ने अबस्थामा छैनौँ अर्थात् कुनै पनि आर्थिक, प्राविधिक र व्यवस्थापकीय पक्षबाट समर्थ छैनौँ । अहिलेको अवस्थालाई सम्बोधन गर्न हाम्रो मौजुदा जनशक्ति र स्वास्थ्य उपकरण तथा सामग्री पर्याप्त हुने देखिँदैन । यस्तो अवस्थामा इटली, अमेरिका, स्पेनमा जस्तै संक्रमण र मृत्युदर बढ्दै जाने हो भने हाम्रो अवस्था के होला ? जुन कल्पनाभन्दा बाहिर छ । यस महामारीको प्रकोप कति लामो समयसम्म रहन्छ र कस्तो प्रभाव पर्छ ? भन्ने कुराको पूर्वानुमान गर्न त नसकिएला तथापि अहिलेसम्मको अवस्थालाई मध्येनजर गरी केही विश्लेषण चाहिँ अवश्य गर्न सकिन्छ ।

यस महामारीले विश्व अर्थतन्त्रमै दोस्रो विश्व युद्धपछिको सबैभन्दा ठूलो महामन्दी आउने संकेत देखा पर्दै छ । उत्पादन र रोजगारी घट्ने छ भने विश्वका अति विकसित राष्ट्रहरू कमजोर हुने छन् । निर्यातजन्य उद्योग व्यापारबाट सम्पन्न राष्ट्रहरू यसबाट प्रत्यक्ष प्रभावित हुनेछन । वायु सेवा, बैंक तथा वित्तीय संस्था, उद्योग कलकारखाना, अन्तर्राष्ट्रिय विश्वविद्यालय, अनुसन्धान, सेवा तथा वस्तु व्यापार, व्यवसाय बन्द हुने अवस्था आउनेछ ।

करिब मासिक एक खर्ब बराबरको व्यापार घाटा र करिब एक खर्ब रेमिट्यान्स् भित्रिने हाम्रो मुलुकमा यसको प्रभाव कस्तो होला ? आयातित सामानबाट उठ्ने राजस्व र त्यस्ता सामानमाथि निर्भर अर्थतन्त्र र उपभोगमुखी प्रवृत्ति भएको हाम्रो देशमा तत्कालका लागि आमसर्बसाधारणको दैनिकीमा कठिनाइ भए पनि वास्तविक अर्थतन्त्रमा खासै दखल पुग्ने छैन । अहिलेको परिस्थितिले स्वाधीन र आत्मनिर्भर बन्न योगदान पुऱ्याउन सक्छ, यदि हामी चुनौतीको सामना गर्दै अवसरलाई नेपालको माटो सुहाउँदो कृषिलगायत उत्पादनसँग जोड्न सक्यौँ भने ।

> नेपालले भर्खर मात्रै संघीय शासन प्रणालीको अबलम्वन गरेको छ । राज्य शक्तिको प्रयोग तीन तहका सरकारबाट हुने गरी संवैधानिक व्यवस्था गरिएको छ । संघ, ७ प्रदेश र ७५३ स्थानीय तह गरी ७६१ सरकार संघीयताको अभ्यासमा छन् । लोकतान्त्रिक पद्धतिको उच्चतम शासन व्यवस्थाको रूपमा संघीय शासन प्रणालीलाई लिने गरिन्छ ।

नेपालले भर्खर मात्रै संघीय शासन प्रणालीको अबलम्वन गरेको छ । राज्य शक्तिको प्रयोग तीन तहका सरकारबाट हुने गरी संवैधानिक व्यवस्था गरिएको छ । संघ, ७ प्रदेश र ७५३ स्थानीय तह गरी ७६१ सरकार संघीयताको अभ्यासमा छन् । लोकतान्त्रिक पद्धतिको उच्चतम शासन व्यवस्थाको रूपमा संघीय शासन प्रणालीलाई लिने गरिन्छ । संघीयताले मात्र शासन प्रणालीमा जनताको सहभागिता र अभ्यासलाई वास्तविक रूपमा संस्थागत गर्छ भन्ने विश्वास गरिन्छ । यसबाट नीति तथा योजना तर्जुमा, कार्यान्वयन र लाभको बाँडफाँडमा गुणस्तरीयता र प्रभावकारिता आउने अपेक्षा गरिएको थियो । तर संघीयताको अभ्यास हुन थालेको दुई वर्षमै जनताको आशा र अपेक्षा पुरा हुने छाटकाँट नै देखिँदैन । यथार्थमा भन्दा अहिलेका राजनीतिक दलको वास्तविक चाहना संघीयता थिएन । यसर्थ जुन मूल्य स्थापनाका लागि कुनै भूमिका थिएन, त्यसलाई संस्थागत गर्ने इच्छा शक्ति र लगाव नहुनुलाई स्वभाविक नै मान्न सकिन्छ । केन्द्रिकृत मानसिकता भएका राजनीतिक दल र प्रशासनिक तहको नेतृत्वबाट संघीयता बलियो बनाउने प्रयास भएको देखिएन । प्रदेश र स्थानीय तहका सरकारका गतिविधि हिजोको एकात्मक र केन्द्रिकृत सरकारमा विकृति र विसंगतिको पृष्ठपोषण बन्न पुगेको भान हुन्छ । सेवा सुविधाको तीव्र आकांक्षा र भ्रष्टाचारले थलिन पुगेका छन्, संघीय गणतन्त्र नेपालका ७६१ सरकारहरू । सुरुका दिनमा देखिएको विकृति र विसंगतिको संस्थागत अवस्थाले भोलिको समृद्ध नेपालको परिकल्पना कसरी पूरा होला ? सुशासनको प्रत्याभूति हुन नसकेको र शासकीय अभ्यासको विसंगतिका बीच हामी कोरोना भाइरसको चुनौति सामाना गर्दै छौँ ।

मानव जातिकै अस्तित्त्व संकट परिरहेको अवस्थामा पनि राजनीतिक नेतृत्त्व र कर्मचारी आर्थिक अनियमितमा संलग्न छन् । देशकै कार्यकारी प्रमुख अनियमितताको ढाकछोप गर्न विशेष परिस्थिति भन्दै देशबासीका नाममा सम्बोधन गर्छन् । तीन तहका सरकार नै महामारी नियन्त्रणका लागि लागिपरेको बताइरहेका छन । अहिलेको तयारी र अवस्था हेर्दा ढुक्क भएर बस्न सक्ने अवस्था छैन । स्वास्थ्यकर्मीहरू सुरक्षा सामग्रीको अभावमा असुरक्षित महसुस गरिरहेका छन् । सामान्य रोगका बिरामी त उपचार नपाएर मरिरहेका छन् भने कोरोना संक्रमित बिरामीले कस्तो उपचार पाउलान् ?

राजनीतिक नेतृत्त्वमा रहेको नैतिकता र कार्यकुशलताको अभाव, प्रशासनिक क्षेत्रमा रहेको चरम राजनीतिक प्रवृति र अनुशासनहीनताले संकटको व्यवस्थापन सहज हुने देखिँदैन । स्थानीय तह र प्रदेश सरकार संविधानतः प्राप्त अधिकारको सही प्रयोग गर्न असक्षम नै देखिए । प्रदेश सरकारको अनुभूति त जनताले गर्न नै सकेका छैनन् । जनताले प्रदेश सरकार कहाँ छ ? के गर्दै छ ? जानकारी नै छैन । जनताले अनुभूति नगर्ने सरकारको उपस्थितिले संघीयताप्रति जनताको धारणामा परिवर्तन ल्याउँदै छ । अझ देशको अर्थतन्त्र शिथिल हुँदै जाँदा ७६१ सरकारको खर्च धान्ने स्थिति हुन्छ, हुँदैन भन्ने सवाल महत्त्वपूर्ण हुन आउँछ । वैदेशिक रोजगारीमा गएका ४०/५० लाख युवा फर्कने अवस्था आयो भने त्यसको व्यवस्थापन कसरी हुन्छ ? अहिलेको चिन्ताको विषय यो हो । विदेशबाट सीप, प्रविधि र जनशक्तिलाई सही व्यवस्थापन गर्न सकियो भने राष्ट्रिय अर्थतन्त्र निर्माणको आधार हुन सक्छ । होइन भने गरिबी र बेरोजगारीले कस्ता विकृति र विसंगति निम्त्याउला अनुमान गर्न सकिने छैन ।

राष्ट्रिय संकटका बेला ७६१ सरकार आ-आफ्नै किसिमले लागिपर्दा समन्वयको अवस्था कस्तो रहला ? रोकथाम र नियन्त्रणका प्रयासमा होस् या हिजोका विकास निर्माण र सेवा प्रवाहका सवालमा होस्, तीन तहका सरकारका बीचमा समन्वय र सहकार्यको अभाव देखिएको छ । सञ्चालित आयोजना तथा कार्यक्रमहरूमा जस्ता समस्याहरू छन्, यस्तो प्रवृतिले समृद्धिको चाहना पूरा हुने छैन नै वर्तमानको महामारी पनि व्यवस्थापन गर्ने क्षमता रहने छैन । यसर्थ यो र यस्तै राष्ट्रिय संकटको सामाना गर्न बलियो, एकल सरकार र त्यसको निर्णय कार्यान्वयन गर्न गराउन सक्ने पूर्ण विकेन्द्रीकरणसहितको स्वायत्त स्थानीय निकाय र स्थानीय निकाय र केन्द्र सरकारबीच समन्वय तथा अनुगमन मूल्यांकन गर्ने निकाय, हालको प्रदेशको सट्टामा आवश्यक हुन्छ । राजनीतिक दल र कर्मचारीको आचरण र कार्यशैली परिवर्तन नहुने हो भने कतै मन नपराई नपराई संस्थागत गर्न खोजिएको संघीय शासन प्रणालीको बारेमा पुनर्विचार गर्नु पर्ने दिन नआउला भन्न सकिँदैन ।

> राष्ट्रिय संकटका बेला ७६१ सरकार आ-आफ्नै किसिमले लागिपर्दा समन्वयको अवस्था कस्तो रहला ? रोकथाम र नियन्त्रणका प्रयासमा होस् या हिजोका विकास निर्माण र सेवा प्रवाहका सवालमा होस्, तीन तहका सरकारका बीचमा समन्वय र सहकार्यको अभाव देखिएको छ ।

## मननयोग्य

# विद्वान्‌का लक्षणहरू

सत्पात्रलाई नदिई कुपात्रलाई दान गर्नु यी दुवैका कुरा न्यायपूर्ण तरिकाद्वारा कमाइएको धनलाई दुरूपयोग गरे समान हुन् । गऱ्हुँगो ढुंगोलाई घाँटीमा बाँधेर पानीमा डुबाइदिनयोग्य दुई किसिमको मानिस हुन्छन् । जो धनी भइकन कञ्जुस हुने र गरिब भएर दुःख सहन नसक्ने अर्थात् धनवान्‌ले दानी हुनैपर्ने र दुःखीले सहिष्णु बन्नु जरुरी ठानिएको छ ।

योगयुक्त सन्न्यासी र युद्धमा शत्रुसँग लड्दालड्दै वीरगति प्राप्त गर्ने लडाका यी दुवै सौर्यमण्डललाई छेडेर उर्ध्वगतिमा पुग्ने श्रेष्ठ पुरुष ठानिएका छन् । मानिसको सफलताका निमित्त उत्तम, मध्यम, अधम यी तीन प्रकारका न्यायअनुकूल उपायहरू हुन्छन् भनी वेदवेता विद्वानजन्‌हरूले भन्ने गरेका छन् । उत्तम, मध्यम, अधम तीन प्रकारका पुरुष हुन्छन् । यिनीहरूलाई यथायोग्य तीन प्रकारकै काममा लगाउनुपर्दछ । स्त्री, छोरा र नोकर यी तीनजना धनहीन हुन्छन् । यिनीहरू आफैँ धन आर्जन नगरेर उत्तराधिकारीमा नै धन, पद प्राप्त गर्दछन् ।

अर्काको धन हरण गर्नु, परस्त्रीसँग संसर्ग गर्नु, साथीभाइहरूलाई त्याग गर्नु यी तीनवटै कुराले मानिसको आयु, धर्म र कीर्तिलाई क्षय गर्दछन् । काम, क्रोध र लोभ यी तीनवटै नरकका ढोका हुन् । यिनले आत्मालाई कलंकित पार्दछन् । यी तीनवटैको त्याग गर्नु आवश्यक छ । सज्जन मानिसले यिनलाई त्यागिदिन्छन् । वरदान पाउनु, राज्य पाउनु र पुत्रजन्म हुनु यी तीन कुरा एकतर्फ र शत्रुद्वारा हुन सक्ने कष्टबाट मुक्ति पाउनु अर्कोतर्फ यी दुवैतर्फका कुराहरू अर्थात् तीनै कुरा र एकै कुरा समान नै हुन्छन् । तसर्थ शत्रुबाट हुने सम्भाव्य कष्टलाई मानिसले प्राथमिकतापूर्वक टार्दै जानुपर्दछ । भक्त सेवक तथा म तपाईंकै मान्छे हुँ भनी शरणमा पर्न आउने मान्छेलाई आफूलाई जस्तोसुकै संकट आइपर्ने नै भए पनि नत्यागोस् ।

कम (थोरै) बुद्धि भएका, धेरै समयसम्म सुतिरहने, हडबडे, चाटुकार वा चाप्लुसे मानिसहरूसँग गोप्य सल्लाह गर्नु हुँदैन । महावली राजाहरूले (सत्ताधारीहरूले) यी चारैवटालाई त्यागिदिनुपर्छ । विद्वान् मान्छेले यिनीहरूलाई समयमै पहिचान गरोस् अथवा चिन्न सकोस् ।

**विदुर नीतिबाट**

## पत्र-मञ्जुषा

# सामुदायिक विद्यालयमा लगानी बढाउनुपर्छ

**प्रिय् सम्पादकज्यू,**

सरकारले सामुदायिक विद्यालयलाई हेपेको देखिन्छ । त्यसो त सांसद र मन्त्रीहरूको आफ्नै निजी विद्यालय हुनाले सरकारलाई शिक्षामा लगानी गर्न दिँदैनन् । यसो हुँदा विद्यार्थीहरू निजी विद्यालयतिर आकर्षित हुन्छन् । भन्ने बेला निजी विद्यालयका सञ्चालकहरूले आफूहरूबाट शिक्षामा अद्वितीय भरथेग भएको भन्दै आएका छन् । सरकार पनि त्यहि निजी विद्यालयमैत्री कानुन बनाउन उद्यत् देखिन्छ । निजी विद्यालयहरूको माग पूरा गर्ने र कानुन बनाउँदा पनि उनीहरूलाई मात्र सुविधा र राहत पुग्ने गरी बनाइएकाले सरकारमाथि पनि प्रश्न उठ्न थालिएको छ । तर, सरकारमा पुगेपछि कालो पनि सेतो बनाउने नेताहरूका कारण जनता सहेरै बसेका छन् । गरिब जनताको पक्षमा वकालत गर्नुपर्ने नेताहरूले धनी वर्गको पक्षमा मात्र निर्णय गर्दा राज्यको सहयोग गरिब जनताले उपयोग गर्न सकेका छैनन् । यस्तो अवस्थाबाट सरकार जानकार रहे पनि सरकारले गरिब जनताको पक्षमा काम गर्नै चाहँदैन । गरिबको पक्षमा भाषण गरेर धनी वर्गका लागि मात्र फाइदा हुनेगरी कानुन तर्जुमा गर्ने राज्यको उपल्लो तहमा बस्नेहरूले यसबारे ध्यान दिनु जरुरी छ ।

मुलुक समृद्ध बनाउने भनेर सरकारले भनिरहे पनि सरकारले सामुदायिक विद्यालयमा सूचना प्रविधिको शिक्षा पुऱ्याउन सकेको देखिँदैन । शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयअन्तर्गतका ३५ हजार सामुदायिक विद्यालयमध्ये हालसम्म आठ हजार १७४ विद्यालय मात्र सूचना प्रविधिका लागि कम्प्युटर शिक्षाको पहुँच पुगेको विभिन्न तथ्यांकहरूले देखाएको छ । कम्प्युटर पुगेका ती विद्यालयमा करिब ३५ प्रतिशत मात्र इन्टरनेट सेवा पुगेका छन् । सबै विद्यालयमा कम्प्युटर शिक्षाका साथमा इन्टरनेटको सेवा पुऱ्याउने नीति मन्त्रालयलको भए पनि व्यवहारमा लागू भएको छैन । पूर्वाधार अभाव, स्रोतको अभावलगायतका कारणले कम्प्युटर पुगेका विद्यालयमा पनि इन्टरनेट सेवा पुग्न सकिरहेको छैन । सरकारले अब सामुदायिक विद्यालयहरूमा पनि सूचना प्रविधिका शिक्षाको पठनपाठन सुरु गर्नुपर्ने देखिन्छ ।

सूचना प्रविधिको दिगो विकास लक्ष्यअन्तर्गत शिक्षा र स्वास्थ्यको लक्ष्य प्राप्त गर्न राज्यले लगानी गर्नुपर्ने हुन्छ । सामुदायिक विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन मन्त्रालयले उच्च प्राथमिकता दिएर अघि बढ्नुपर्ने बेला आएको छ । निजी क्षेत्रले सूचना प्रविधि शिक्षा दिलाए पनि निजी विद्यालयहरू सहर केन्द्रित रहेकाले ग्रामीण क्षेत्रका विद्यार्थीहरू यस्तो शिक्षाबाट वञ्चित भएका छन् । सूचना प्रविधिको अधिकतम उपयोग गरी विद्यालय तहमा शिक्षण कार्य गराउन मन्त्रालयले उच्च प्राथमिता दिनका लागि कार्य योजना बनाउनुपर्ने देखिन्छ । शिक्षक एवं छात्रछात्रालाई सूचना प्रविधिको पहुँच बढाउन कार्यक्रम नै बनाएर अघि बढ्नु जरुरी छ । सरकारी सेवाका सबै कर्मचारीले सरकारी मेलमार्फत सूचना आदानप्रदान गर्न निर्देशिका तयार गरिएकोले यसलाई दैनिक व्यवहारमा पनि प्रयोगमा ल्याउनु जरुरी छ । निजी क्षेत्रलाई भन्दा पनि सरकारले सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि सूचना प्रविधिका शिक्षाको पठनपाठनमा अत्याधिक ध्यान दिनुपर्छ । निजी विद्यालयबाट उत्पादन भएका विद्यार्थी विदेशतिर जाने हुँदा सामुदायिक विद्यालयका विद्यार्थीहरूबाट मुलुकका लागि उपयोगमा आउने हुनाले सामुदायिक विद्यालयमा सूचना प्रविधिको पठनपाठनमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

सुमन पौडेल
खोटाङ, हाल काठमाडौं ।
(इमेलबाट)

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**जेसिज अध्यक्षको एकान्तवास** | म्याग्दी जेसिजका अध्यक्ष सुजन बरुवाल गाउँको मैदानमा एकान्तवास बस्दै । घरमा छिमेकीहरूको आवागमन हुने भएकाले अध्यक्ष बरुवाल दिनमा यसरी एकान्त ठाउँमा बस्ने गरेका छन् । **तस्बिर : ध्रुबसागर शर्मा**

# स्वास्थ्यकर्मी नै रोगविरुद्धका मुख्य सेना हुन्: मन्त्री थापा

■ प्रभाव संवाददाता



**गोरखा**–गण्डकी प्रदेशका भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री लेख बहादुर थापा मगरले नोबेल कोरोना भाइरस (कोविड १९ ) को विरुद्ध लड्ने मुख्य सेना भनेकै स्वास्थ्यकर्मीहरू भएको बताएका छन् ।

गोरखा जिल्ला अस्पतालमा भइरहेका गतिविधिहरूको जानकारी लिएपछि मन्त्री थापाले सो कुरा बताएका हुन । मन्त्री थापाले भने, 'जसरी देशको सिमा रक्षा गर्न सेना अग्रमोर्चामा रहन्छ त्यसैगरी रोगसँग लड्न स्वास्थ्यकर्मीहरू नै अग्रमोर्चामा रहन्छन् । तपाइँहरूको सुरक्षाका लागि आवश्यक सुरक्षाको व्यवस्थापनका लागि सरकारले पूर्ण रूपमा सहयोग गर्छ । निर्धक्कसँग विरामीको उपचार गर्नुहोस् ।'

अस्पताल अनुगमनका क्रममा मन्त्री थापाले स्वास्थ्यकर्मीहरूको समस्या समाधान गर्न आफूले पहल गर्ने बताउँदै अस्पतालमा आएका विरामीहरूको भएका स्रोतसाधन र जनशक्ति परिचालन गरी उपचार गर्न सुझाव दिएका थिए ।

जिल्ला अस्पतालको भवन निर्माणाधिन अवस्थामा रहेकोले आवासगृहलाई अस्पतालको रूपमा सञ्चालन गरिएको छ । डाक्टरहरूको आवास भाडामा लिएर भएपनि तुरुन्त सञ्चालन गर्न उनले अस्पताल विकास समितिलाई निर्देशन दिएका छन् । गएको भदौ महिनादेखि दुर्गम जिल्ला गोरखामा काम गर्ने डाक्टरहरूले चिकित्सक भत्ता, जोखिम बहन भत्ता समेत पाउन सकेका छैनन् । गोरखा जिल्लामा कार्यरत रहेर अध्ययन विदामा रहेका चिकित्सकहरूलाई समेत सरकारले तलव निकासा गरेको छैन । मन्त्री थापाले प्रमुख जिल्ला अधिकारीसँग जिल्लाको तत्कालिन वस्तुस्थितिको बारेमा जानकारी लिएका थिए ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जिल्लामा कुनै पनि नागरिक भोकै बस्नु नपरेको बताए । जिल्लाको उत्तरी क्षेत्रमा खच्चडबाट हुने ढुवानी बन्द गरिएको र अत्यावश्यक बाहेकका सबै सवारीसाधनहरू चल्ल निषेध गरेको मन्त्रीलाई जानकारी गराएका छन् । र्‍यापिड डाइग्नोस्टिक टेस्ट गर्ने क्रममा सबै नतिजा नेगेटिभ देखिएको पौडेलको भनाई थियो । मन्त्री थापाले सुरक्षाकर्मीहरूको मनोबल उच्च हुने गरी प्रदेश सरकारले काम गरिरहेको बताए ।

गोरखा गृह जिल्ला घर भएका मन्त्री थापाले द वल्ड क्यापिटल विद्यालयमा निर्माण भएको आइसोलेशन कक्षको समेत अनुगमन गरेका थिए । अनुगमनको क्रममा हात धुने पानीको धारा, पकाउने ठाउँ, डाक्टर बस्ने ठाउँ, डाक्टर र विरामी हिड्ने अलग अलग बाटो निर्माण, रङरोगन, प्रयाप्त ग्याँस सिलिण्डरको व्यवस्थापन तत्काल गर्न सुझाव दिए । जिल्ला अस्पतालमा आइसियु कक्ष निर्माणको तयारी थाल्न उनले निर्देशन दिएका छन् । बाग्लुङमा टेन्डर समेत भईसकेको बताउँदै आवश्यकता र जोखिमको हिसावमा पनि गोरखाले ढिला गर्न नहुने उनले बताए । अस्पतालमा आवश्यक पर्दा तत्काल प्रयोगका लागि १० थान पिपिइ सेट मन्त्री थापाले अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट नवीन थापालाई हस्तान्तरण गरेका थिए ।

## संक्षिप्त

### खुकुरी प्रहार गरी हत्या गर्ने पक्राउ

**खोटाङ(प्रस)**–आफ्नै ५० बर्षीय श्रीमान छ कुमार राईको खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा बाह्रपोखरी गाउँपालिका-१ खुर्साने बस्ने ५० वर्षीया मेनुका राईलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

मेनुकाले खुकुरी प्रहार गर्दा छ कुमारको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बाह्रपोखरी, ईलाका प्रहरी कार्यालय चिसापानीबाट र ईलाका प्रहरी कार्यालय खोटाङ बजारबाट खटिएको प्रहरीले उनीलाई पक्राउ गरेको हो ।

त्यस्तै संखुवासभामा आफ्नै श्रीमतीलाई खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको अभियोगमा खाँदबारी नगरपालिका-९ तुम्लिङटार वैधे गाँउ डेरा गरी बस्ने ३२ वर्षीय दोमन हस्दालाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ ।

३४ वर्षीया श्रीमतीसँग सामान्य बिबाद हुँदा दोमनले खुकुरी प्रहार गरी घाइते बनाएको भन्ने खबर प्राप्त हुनसाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घाइतेको तुम्लिङटारस्थित मनकामना अस्पतालमा उपचार भइरहेको छ ।

### श्रीमतीको हत्या गर्ने पक्राउ

**बाँके(प्रस)**–बैजनाथ गाउँपालिका-२ पहाडिपुर बस्ने ३९ वर्षीय पलसिंह मगरलाई आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

घरायसी बिवादको कारण पलसिंहले बाँसको डण्डीले प्रहार गर्दा गम्भीर घाइते भएकी उनकी ३४ वर्षीया श्रीमती दिलमाया मगरको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो ।

### कुटपिट गरी घाइते बनाएको अभियोगमा पक्राउ

**सप्तरी(प्रस)**–गाईबस्तु चराउने बिषयमा विवाद हुँदा ५ जनालाई कुटपिट गरी घाइते बनाएको अभियोगमा नगरपालिका-३ कन्चीरा टोल बस्ने २२ वर्षीय अशोक सदा लगायत २ जनालाई सोमबार बेलुका प्रहरीले पक्राउ गरेको छ ।

खडक नगरपालिका-४ पन्सरो बस्ने १९ वर्षीय उमेश ठाकुर सहित ५ जनालाई कुटपिट गरी घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ अस्थाई प्रहरी पोष्ट खरचुहियाबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । सबै घाइतेहरूलाई उपचारका लागि न्यूरो अस्पताल बिराटनगरतर्फ पठाइएको छ ।

### चट्याङ्ले आगलागी

**लमजुङ(प्रस)**–सुन्दरबजार नगरपालिका-११ तुर्लुङ बस्ने कुल बहादुर पाण्डेको घरमा सोमबार राति चट्याङ परी बिजुलीको मिटर बक्स सर्ट भएर आगलागी भएको छ ।

आगलागीबाट उनको घर, नगद ७५ हजार रूपैयाँ, अन्नपात र भाँडावर्तन लगायत जलेर करिब ४ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । आगलागीमा परी कुल बहादुर घाइते भएकाले स्थानीय मेडिकलमा सामान्य उपचार पश्चात थप उपचारको लागि मणिपाल अस्पताल पोखरातर्फ पठाइएको छ ।

स्थानीयबासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# 'चामल कहिले आउँछ बाबु ?'

■ हेमन्त केसी

**जाजरकोट**–'कहिले आउँछ चामल ? हरेक दिन धाउँदा धाउँदा खुट्टा दुख्न थालिसक्यो । छिटो पठाइदिनुपर्‍यो बाबु ।' जुनिचाँदे गाउँपालिका-११ ताँगाकी मैना थापा मात्र होइन यहाँका धेरै स्थानीयको भोलिको दैनिक खाद्य डिपोमा धाएर रित्तो हात फर्कनुमा बित्छ । गाउँमा पुरानो अन्न सकिएको छ । नयाँ गहुँ बाली पाकेको छैन । मजदुरी गर्न जान लकडाउनले रोकेको छ ।

खाद्य व्यावस्था तथा व्यापार कम्पनी लिमिटेड जाजरकोटले ताँगाका लागि निर्धारण गरेको कोटा सकिएका कारण सो ठाउँमा चामल प्राप्त हुन सकेको छैन । जुनिचाँदे गाउँपालिका जिल्लाको अति दुर्गम क्षेत्र मानिन्छ । यहाँ खेतीयोग्य जमिन काम भएकाले खाद्यान्न उत्पादन समेत कम हुने गरेको छ । ताँगामा चामल ल्याउन ढुवानी भाडा नभएका कारण समस्या भएको कम्पनीका जाजरकोट प्रमुख धर्मबहादुर बस्नेतले बताए ।

जुनिचाँदे गाउँपालिका - १० का पदम खड्काले भने, 'हाम्रो ठाउँमा सिंचाइ गर्नक पानी भएपनि खोलामै छमछम बगेर जान्छ । खेतमा लगाउन पैसाले पुग्दैन ।'

अहिले जिल्लाको बारेकोट गाउँपालिकामा रहेको घाट डिपोमा समेत चामल सकिएको छ । शनिबार झण्डै २ सय भन्दा बढी गाउँलेहरू कम्पनीको कार्यालयमा गएपनि पचास प्रशितले चामल नपाएर फर्किएको तोलखानाका डम्बर सिंहले जानकारी दिए । उनका अनुसार चामल नपुगेकै कारण धेरै स्थानीयावासीहरू फर्कनुपरेको थियो । गाउँपालिकालाई तुरुन्तै खाद्यान्नको व्यवस्था गर्न नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) बारेकोट गाउँकमिटीले आग्रह गरेको छ । बारेकोट गाउँपालिकाका अध्यक्षले महेन्द्रबहादुर शाहले चामल अभावबारे आफूले थप बुझ्ने बताए ।

बारेकोटमा खाद्यान्न ढुवानी गर्ने ठेकेदारले फागुन १५ सम्म २ हजार क्विन्टल चामल ढुवानी गर्ने सम्झौता गरेपनि अहिले सम्म ढुवानीको काम पूरा नगरेको कम्पनीका प्रमुख बस्नेतले जानकारी दिए । अहिले कार्यालय आफैले केही चामल खच्चडमा ल्याउने गरेको छ ।

# सहायतामा संचारकर्मी टिम

■ प्रभाव संवाददाता

**झापा**–यतिबेला कोरोना भाइरसका कारण विश्वभरको जनसंख्या तनावग्रस्त जिन्दगी जिउन बाध्य छन् । यसमा कुनै दुबिधा छैन । तर विश्वको यतिधेरै जनसंख्या कोरोनासँग डराएर बाँचिरहँदा यहि संसारमा यस्ता पनि मानिस छन् जसको रोग भन्दा भोकले ज्यान लिदैछ । जो खान पाएका छैन भोकै छन् । अनिका कसैले उनीहरूको लागि केहीँ उपलब्ध गराउन सकेको छैन् । जसलाई न कुनै रोगको प्रवाह छ, न धन सम्पत्तिको । मात्र चिन्ता छ भोकको ।

ती मानिस हुन ,मानसिक सन्तुलन गुमाएका र सहरका सडकपेटिलाई आफ्नो बासस्थान बनाएका। उनिहरूलाई न कुनै रोगको प्रवाह छ, न कुनै पनि खाले प्राकृतिक विपत्तिको, प्रवाह छ त केबल भोकको प्यासको बस यति मात्रै । उनीहरूलाई सहायता गर्न तम्से झापाली संचारकर्मी खगेन्द्र घिमिरे र सचिन न्यौपाने । यो अभियान सुरु गरेका उनीहरूले अहिले निरन्तर रूपमा ति मानिसहरूले दैनिक खान दिईरहेका छन् । त्यो सत्य साई सेवा केन्द्र प्रदेश न. १ कले व्यवस्थापन गरेको छ ।

सरकारले लकडाउनको घोषणा गरेको छ । सहरबजार देखि सडक सबै सुनसान छन् । यतिबेला यसको प्रत्यक्ष अप्रत्यक्ष रूपमा यसको ठुलो असर गरिब तथा बिपन्न बर्गलाई परेको छ । पहिलो दिनको सुरु सँगै संचारकर्मी घिमिरे अभियन्ता भएर निस्किए । भोलि पल्टै बाट त्यो टिम गाउँ पस्यो ,तर रित्तो हात होइन् । साथमा एक परिवारलाई पुग्ने खाद्यन्न लगायतको सामान लिएर ।

दैनिक ज्यालादारीमा काम गर्नेहरूको परिवार पनि बिचल्लीमा छन् । ती सडकमा रहेका कयौं मानिसहरूको बेहाल अवस्था छ । यी पेटहरूलाई केही मिलोस भन्ने उदेश्यका साथ गाउँ छिर्दा पानीमा नुन हालेर भोक मेटाउने परिवार पनि भेटिएको घिमिरे बताउँछन । हाल सम्म यो अभियानमा देश तथा बिदेशबाट धेरै सहयोगी दाताले सहयोग गरे झै २० सय परिवारको लागि केही दिन राम्रै सँग खाने खाद्यन्न उपलब्ध गराउन सफल भएको उनले बताए ।

कम्तिमा हामी त डरका बाबजुद जेनतेन २ छाक खाएकै छौं, हामी घरभित्र छौं । तर उनिहरूमा लकडाउनले अझै ठुलो असर गरेको छ, जसको घरनै सडकपेटि हो । अनि गाउमा जो भोका छन् । भोकले लखतरान भएर रोहि रहेका छन् । उनिहरूका को लागि यो अभियान सुरु गरेको बताए ।

यतिबेला सबैले आफ्नो बारे मात्रै सोचिरहेका छन, तर यस्ता मान्छे पनि छन, जसले सडक मान्छे र खान नपाएका परिवारेको पेट भर्न लागिपरिरहेका छन् । कोहि नहुनेका भगवान हुन्छन् ,यो भनाइ सुन्दा अचम्म लाग्नु स्वभाविक हो । तर कोहि नहुनेका भगवान हुन्छन् ,भन्ने उदाहरण बनेका छन्, यतिबेला झापाका सञ्चारकर्मी खगेन्द्र घिमिरे । रासस

# आवागमन रोक्न पुलमा ताला



**डोल्पा**– लकडाउन कार्यान्वयनका लागि डोल्पा सडक खण्डको विभिन्न ठाउँमा रहेका झोलुङ्गे पुलमा ताला लगाइ बिरामीबाहेक अन्यलाई आवतजावत ठप्प पारिएको छ ।

जिल्लाको नलगाड नगरपालिका -७ चामेखेत, वडा ८ को वगरा र वडा ११ को तल्लु लगायतका ठाउँमा रहेका झुलुङ्गे पुलमा ताला लगाएको छ । रुकुमपश्चिमको आठबीसकोट नगरपालिकासँग जोडिएका यी ठाउँमा भेरी नदी पर्छ । त्यस्तै डोल्पा, जाजरकोट र रुकुम पश्चिमको बीचमा रहेको त्रिवेणीमा समेत पुलमा ताला र सडकमा बार लगाएको नलगाड नगरपालिकाका नगरप्रमुख टेकबहादुर रावलले बताए ।

सुरक्षा व्यवस्था कडा भएका कारण खाद्यान्नलगायत सामग्री लिन समेत निकै समस्या भएको नलगाड नगरपालिका -८ का नेत्र बिसीले बताए । नगरपालिका -८ का शिक्षक बीरबहादुर खत्रीले गाउँबाट तरकारी, दूध र दहीसमेत बजार लान नसकिएको जनाए । रासस


**कैलारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हसुलिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**क्याटलग सपिङ्ग विधिवाट HB Electrophoresis उपकरण तथा केमिकल खरिद सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७७।०१।०३)

कैलारी गाउंपालिकाको आ.व.२०७६।०७७ को स्वीकृत वजेट तथा कार्यक्रम अनुसार विशेष अनुदान तर्फ सिकलसेल एनिमिया न्यूनीकरण सम्बन्धि कार्यक्रम कार्यान्वयनको लागि **HB Electrophoresis उपकरण तथा केमिकल** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ को उपदफा ८ बमोजिम उत्पादक वा विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने विधि बाट खरिद गर्नुपर्ने भएकोले देहायका कागजातहरु संलग्न राखी कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र (सो दिन विदा परेमा सोको भोलिपल्ट) देहायका कागजात सहित सिलबन्दी निवेदन पेश गर्नहुन अनुरोध छ । म्याद नाघी दर्ता हुन आएको निवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै यस कार्यालयवाट तयार भएको प्राविधिक स्पेशिफिकेशन कार्यालयको खरिद एकाइमा सम्पर्क राखी लिन सकिने वा यस कार्यालयको वेबसाइट **www.kailarimun.gov.np** मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

**पेश गर्नुपर्ने कागजातको विवरण,**

१) कम्पनी/फर्म दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,
२) मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३) कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
४) उत्पादक कम्पनीवाट तयार भएको आधिकारिक स्पेशिफेकेशन,
५) गुणस्तर,मूल्य र सुविधा सहितको विवरण(क्याटलग वा ब्रोसर) ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

बुधबार, ३ बैशाख २०७७ (Wednesday, April 15, 2020)

रूपशाला

## काजोल दंग

बलिउड अभिनेत्री काजोलको इन्स्टाग्राममा १ करोड फलोअर्स पुगेको छ । उक्त अवसरमा उनले आफ्ना प्रशंसकलाई धन्यवाद दिएकी छन् । काजोलले खुसी हुँदै 'कभी खुसी कभी गम' फिल्मको एक सीन इस्टाग्राममा सेयर गर्दै भनेकी न्, 'यो खुसी मेरो इन्स्टाग्राम फलोअर्सको लागि हो, जसले मेरो रील र रियल भूमिकामा यति धेरै माया दियो, तिम्रो काजोल ।'





# हिजो आजका कुरा स्थगित

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'हिजो आजका कुरा'को प्रदर्शन स्थगित गरिएको छ। कोरोना भाइरसका कारण बिश्व नै लकडाउनको अबस्थामा रहेकाले 'हिजो आजका कुरा' निर्माण कम्पनी पन्त फिल्म प्रोडक्सनले नयाँ बर्षको अबसरमा सोमबार बिज्ञप्ती जारी गरि सो जानकारी दिएको हो ।

बरिष्ठ अभिनेता सन्तोष पन्तको कथा र निर्माणमा सकार पन्त निर्देशित फिल्म १२ बैशाखमा प्रदर्शन हुने तयारीमा थियो । सोही अनुसार आफूहरू तयार रहेको भएपनि अहिलेको बिषम परिस्थितिले गर्दा हाललाई फिल्म प्रदर्शन स्थगित गरिएको निर्देशक साकारले बिज्ञप्तीमा उल्लेख गरेका छन् । उनले कोराना भाइरसबाट बच्नका लागि संयमता अप्नाउन सबैलाई आग्रह गर्दै सम्पूर्ण नेपालीमा नयाँ बर्ष २०७७ को शुभकामना ब्यक्त गरेका छन् ।

'यहाँहरूले हामी र हाम्रो चलचित्रप्रति देखाउनु भएको माया र भरोसाप्रति हामी नतमस्तक छौँ । जनजीवन सामान्य अवस्थामा फर्किएपछि हामी हाम्रो चलचित्रको नयाँ प्रदर्शन मिति तय गर्ने छौँ' बिज्ञप्तिमा निर्देशक पन्तले उल्लेख गरेका छन् । उनले केही समयअघि सार्वजनिक आफ्नो फिल्मको 'माया जदौ' गीतलाई दर्शकले अत्याधिक मन पराएकाले आफूहरूलाईथप हौसला मिलेको र भबिष्यमा समेत अझ बढी माया र साथ पाउने आशा ब्यक्त गरेका छन् ।

समसामयिक बिषयमा निर्माण गरिएको फिल्ममा सन्तोष पन्त, साकार पन्त, रमा थपलिया, केकी अधिकारी, ऋचा शर्मा, दिब्यदेव पन्त, रिमा बिश्वकर्मा, जयनन्द लामा, जेविका कार्की, रमेश अधिकारी, बिनय कुँइकेल, अनुष्का अधिकारी, निराजनप्रसाद अर्याल, सबिन शाक्यलगायतका कलाकारले अभिनय गरेका छन् ।

रवि सायमीले खिचेको फिल्ममा सन्दीप किस्नाको पटकथा छ। फिल्मको कार्यकारी निर्मातामा प्रतिभा पन्त, सह निर्मातामा बैकुण्ठप्रसाद उपाध्याय र सचितकुमार मिश्र छन् ।



# बैकरको आसा जगाउने गीत

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रभु बैंकका सिइओ अशोक शेरचनको रचनामा 'सुनौलो बिहानी फर्किनेछ' बोलको गीत सार्वजनिक भएको छ। नयाँ वर्षको अवसरमा सार्वजनिक भएको उक्त गीतको भिडियोलाई नितिन चन्दले निर्देशन गरेका छन् ।

भिडियोमा पहिलोपटक मोडल तथा अभिनेता पल शाह र प्रदीप खड्काले एक साथ अभिनय गरेका छन् । कोरोना भाइरसका कारण जतातत‍ै निराशा छाएको र मुलुक लडडाउन भएको बेला आशा जगाउने उद्देश्यले गीत सार्वजनिक गरिएको हो ।

बुढासुब्बा म्युजिकले सार्वजनिक गरेको उक्त गीतमा सत्यराज आचार्य, स्वरूपराज आचार्य, प्रताप दास, प्रविशा आधिकारीको स्वर रहेको छ । गीतको भिडियोमा शाह र खड्कासँगै अभिनेत्री कृष्टिना गुरुङलाई देख्न सकिन्छ । त्यस्तै निर्माता र निर्देशक सन्तोष सेन पनि भिडियोमा समेटिएका छन् । भिडियोमा गायक र गायिकालाई पनि फिचर गरिएको छ ।

भिडियोमा मुस्कान वाग्ले, पवन श्रेष्ठ, सपन श्रेष्ठ, सुन्दिरा अवाले, शम्भु चालिसेको फेस पोर्टेटमार्फत उतारिएको छ। एलिश कार्की र प्रमोद निर्वानको संगीत रहेको गीतमा शैलेन्द्र एम. प्रधानले म्युजिक एरेन्ज गरेका छन् ।

# हरिमाया र सीताको चरी बस्यो सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** मुलुक कोरोना भाइरसका कारण लकडाउन भएको तीन हप्ता कटिसक्यो। यो समयमा विश्व नै कोरोनाबाट त्रसित अवस्था छ । जसका कारण विश्वको अर्थतन्त्र डामाडोल भएको छ । उद्योगधन्दा, कलकारखाना, अफिसहरू, चलचित्र उद्योग, संगीत उद्योग सबैमा असर पुगेको छ ।

तर, नेपालको संगीत उद्योगमा भने केही गीतहरू यो समयमा पनि सार्वजनिक भइरहेका छन् । पहिला नै रेकर्डिङ तथा छायाँकन गरेर प्रदर्शनको तयारीमा रहेका म्यूजिक भिडियोहरू लकडाउनको समयमा सार्वजनिक भइरहेका छन् ।

लकडाउनकै समयमा गायिका हरिमाया गुरुङ र सीता गुरुङको मौलिक लोकभाका ' चरि बस्यो' सार्वजनिक भएको छ। जुन गीतमा हरिमाया गुरुङ, सीता गुरुङ, राजु गुरुङ, कृष्ण गुरुङ र आइतराम गुरुङको स्वर रहेको छ । गायिकाद्वय हरिमाया र सीता गुरुङको शब्द तथा संगीत रहेको मौलिक लोकभाका ' चरि बस्यो' सार्वजनिकसँगै राम्रो प्रतिक्रिया पाइरहेको छ । 'चरी बस्यो'को म्यूजिक भिडियोलाई पश्चिमाञ्चल कल्चरल ग्रुपले निर्माण गरेको हो । दीप गुरुङको निर्देशनमा बनेको उक्त भिडियोलाई मधुर बस्नेत, विजय लामा र प्रेम खनालले छायाँकन गरेका छन् भने सुजन शाहीले सम्पादन गरेका छन् ।

हेमा गुरुङ र दीप गुरुङको कोरियोग्राफ रहेको भिडियोमा राइनासकोटको घुमाउने घरमा रोधी बसेको कथालाई प्रस्तुत गरिएको छ । भिडियोमा वरिष्ठ गायक अमर विरही गुरुङ, कृष्ण गुरुङ, राजु गुरुङ, हरिमाया गुरुङ, सीता गुरुङ लगायत पश्चिमाञ्चल कल्चरल ग्रुपका कलाकारहरूको अभिनय रहेको छ ।

## रंगशाला

# सागका पदक विजेताको खातामा नगद पुरस्कार 'डिपोजिट'



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालमा सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग) मा पदक जित्ने नेपाली खेलाडीले नगद पुरस्कार पाउन थालेका छन् ।

गत मंसिरमा आयोजना भएको सागका पदकधारीले आइतबारबाट सरकारले घोषणा गरेको नगद पुरस्कार पाउन थालेका हुन् । युवा तथा खेलकुद मन्त्रालयले सरकारले घोषणा गरेको पुरस्कार खेलाडीको व्यक्तिगत बैंक खातामा पठाउन सुरु गरिएको जनाएको छ ।

मन्त्रालयका लेखा शाखा प्रमुख नवराज घिमिरेले मंगलबारसम्म १ सय ७९ खेलाडीले नगद पुरस्कार पाईसकेको र बाँकीले बुधबारसम्म पाईसक्ने जानकारी दिए ।

'आइतबारबाट खेलाडीको पैसा पठाउन सुरु भएको थियो। बैंकको सर्भरले गर्दा सबैलाई पैसा पठाउन सकेनौं । १ सय ७९ खेलाडीले पुरस्कार पाईसकेका छन् । बाँकीको बुधबार खातामा पैसा पुग्नेछ,' घिमिरेले भने ।

काठमाडौं पोखरा र जनकपुरमा भएको सागमा नेपालले ५१ स्वर्ण, ६० रजत र ९६ कास्य पदक गरी २ सय ७ पदक जितेको थियो ।

साग सकिएको भोलीपल्टै (मंसिर २५) गते बालुवाटारमा कार्यक्रमको आयोजना गरेर प्रधानमन्त्री केपी शर्मा ओलीले पुरस्कार रकम घोषणा गरेका थिए ।

सरकारले व्यक्तिगत स्पर्धाका स्वर्ण पदक विजेतालाई ९ लाख, रजत जित्नेलाई ६ लाख र कास्य जित्नेलाई ३ लाख रूपैयाँ दिने घोषणा गरेको थियो। यस्तै एक भन्दा बढी स्वर्ण जित्ने खेलाडीलाई ११ लाखका दरले पुरस्कार रकम दिने सरकारको घोषणा गरेको थियो ।

त्यस्तै टिम ईभेन्ट्सका स्वर्णधारी खेलाडीले ६ लाख, रजतले ४ र कास्य जित्नेले २ लाख पाउने छन्। स्वर्ण जिताउने मुख्य प्रशिक्षकले ५ लाख, रजतले ३ र कास्यले २ लाख पाउने छन्। सहायक प्रशिक्षकमा स्वर्ण विजेताले ३ लाख, रजतले २ लाख र कास्यले १ लाख पाउने छन्।

## सन् २०२१ सम्म फिफाका सम्पूर्ण प्रतियोगिता स्थगित

**एजेन्सी –** विश्व फुटबलको सर्वोच्च निकाय फिफाका उपाध्यक्ष भिक्टर मोन्ट्यागिलयानीले सन् २०२१ अघि अन्तर्राष्ट्रिय फुटबल हुने सम्भावना कम रहेको बताएका छन् । कोन्काफ फुटबलका अध्यक्ष समेत रहेका भिक्टरले कोरोना भाईरसको कारण सन् २०२१ अघि अन्तर्राष्ट्रिय फुटबल गराउन कठिन भएको बताएका हुन् ।

कोरोनाको कारण फिफाले मार्च देखि जुन महिनासम्मको सम्पूर्ण अन्तर्राष्ट्रिय फुटबल स्थगित गरिसकेको छ । कोरोनाको कारण विश्वकप छनोटका खेलहरू समेत स्थगित गरिएको छ । कोरोनाकै कारण यस वर्ष आयोजना हुने युरोकप र ओलम्पिक खेलकुद एक वर्ष स्थगित गरिएको छ। कोरोनाले विश्वभर १ लाख बढी मानिसको मृत्यु भईसकेको छ ।

## कोराना संक्रमित फेलानी डिस्चार्ज

**एजेन्सी –** कोरोना भाईरसबाट संक्रमित म्यानचेस्टर युनाइटेडका पूर्व मिडफिल्डर मारोउने फेलानी अस्पतालबाट 'डिस्चार्ज' भएका छन् । चीनको चाईनिज सुपर लिग क्लब शानदोङ लुनेङ्गबाट खेलिरहेका फेलानी करिब तीन साताको अस्पताल बसाईपछि 'डिस्चार्ज' भएका हुन् ।

क्लबले मंगलबार प्रेस विज्ञप्ति निकाल्दै फेलानी अस्पतालबाट 'डिस्चार्ज' भएको जनाएको छ । क्लबले उनी कोरोनाबाट मुक्त भएर अस्पतालबाट फिर्ता आएको जनाएको छ ।

# तेक्वान्दो एकेडेमीद्वारा राहत वितरण



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेप्लिज तेक्वान्दो एकेडेमी (एनटीए) ले कोरोना भाइरस (कोभिड १९) का कारण कठिनाइमा परेका दैनिक ज्यालादारी गरी गुजारा चलाउदै आएका मजदुर, अपाङ्ग, एकल महिला, गरिब र विपन्न गरी ८५ परिवारलाई राहत वितरण गरेको छ ।

विभिन्न चरणमा गरी ८५ परिवारलाई राहत वितरण गरिएको तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक समेत रहेका एनटीएका अध्यक्ष अशोक खड्काले जनाएका छन् ।

खड्काले जनाए अनुसार कागेश्वरी मनोहरा नगरपालिकाका वडा १, २, ४, ५, ६, ७ र ९, ललितपुर महानगरपालिकामा ४ परिवार तथा गोकर्णेश्वर नगरपालिकामा १ परिवारलाई राहत वितरण गरिएको हो ।

त्यस्तै एनटीएले कागेश्वरी मनोहरा नगरपालिका वडा १ र २ का स्वास्थ्य चौकी, थली प्रहरी चौकी र कागेश्वरी मनोहरा नगर प्रहरीमा स्वास्थ्य सामाग्री पनि उपलब्ध गराएको थियो । खड्काले राहत वितरणका क्रममा विना मास्क र पञ्जामा भेटिएका सुरक्षाकर्मीलाई पनि मास्क र पञ्जा उपलब्ध गराएका थिए ।

सबै मिलाएर कुल २ लाख ७ हजार रूपैयाँको राहत वितरण गरिएको खड्काले जानकारी दिए । स्वदेशी तथा विदेशी शुभचिन्तकको आर्थिक सहयोगमा राहत वितरण सम्भव भएको हो ।

सहयोगीहरूमा दिल गुरुङ (हङकङ), इश्वरमान वज्राचार्य, तिलक लामा, मन राई (युके), नन्दु विष्ट, श्रीकृष्ण खड्का, मधु सुधन (सार्प ट्राभल्स), रामप्रसाद पुडासैनी, रोशनी तामाङ, बल तामाङ, तारा राई, हर्क राई, मोहन विक, निराजन कुइकेल (अस्ट्रेलिया), सैलेन्द्र जोशी, कृष्णकुमार कार्की (मकाउ), उत्तम खड्का, चित्र शेरचन, गिरीबहादुर सुनार, केशवकुमार कार्की, मोहन डोटेल (चीन) र राम गिरी रहेका छन् । एनटीएको पनि आर्थिक सहयोग रहेको छ ।

# अमेरिकामा आँधीबाट ३० जनाभन्दा बढीको मृत्यु

**च्याट्सवर्थ–** कोरोनाभाइरसको महामारी जारी रहेकै अवस्थामा संयुक्तराज्य अमेरिकाको दक्षिणपूर्वमा सोमबार आएको शक्तिशाली हावाहुरीका कारण ३० जनाभन्दा बढीको मृत्यु भएको छ। आँधीका कारण १० लाखभन्दा बढी मानिस घरबारविहीन हुनुका साथै ठाउँठाउँमा बाढी र पहिरो गएको स्थानीय उद्धारकर्मीहरूले बताएका छन्।

अलाबामा राज्यमा आँधीपीडित मानिसहरू सामुदायिक आश्रयकेन्द्रमा भेला भएका र कोरानाभाइरस प्रसार रोक्न उनीहरूले मास्क लगाउनु परेको छ। आँधीबाट अलाबामा राज्यमा मात्र ११ जनाको मृत्यु भइसकेको छ।

उता दक्षिणी क्यारोलिना राज्यमा नौ जनाको ज्यान गएको छ भने छिमेकी राज्य जर्जियामा आठ जनाको मृत्यु भएको छ। टेनिसी राज्यका अधिकारीहरूले राज्यमा कम्तीमा तीन जनाको मृत्यु भएको जनाएका छन्। अर्कान्सास र उत्तरी क्यारोलिना राज्यमा रुखहरू ढलेका वा घरहरू भत्किएका कारण केही व्यक्तिको मृत्यु भएको आशंका गरिएको छ।

दक्षिणी क्षेत्रका राज्यहरूका कपितय ठाउँमा शक्तिशाली चक्रवात (टोर्नाडो) उत्पन्न भएको र यी चक्रवातहरू पूर्वी समुद्री किनारातर्फ बढ्न थालेको देखिएको मौसम विज्ञान विभागले जनाएको छ।

मिसिसिपी राज्यका गभर्नर टेट रिभ्सले एक दशकको अवधिमा यति शक्तिशाली आँधी पहिलोपटक देखिएको बताए। उनले राज्यमा विगतमा पनि चक्रवातको अनुभव गरिएको तर यति शक्तिशाली आँधी पहिलोपटक आएको बताए।



जर्जियाका गभर्नर ब्रायन केम्पले कोरोनाभाइरसका कारण धेरै मानिस कामबिहीन भएको अवस्थामै आँधीले उनीहरूको सर्वस्व लुटेको बताए। 'अब यी मानिससँग आफ्नो भन्ने केही छैन, सबै गुम्यो।'

यो आँधी आइतबारदेखि शुरु भएको हो। अलाबामा राज्यका गभर्नर के आइभीले कोरोना प्रसार रोक्ने उद्देश्यले लगाइएको 'सामाजिक दूरी' सम्बन्धी नियम पनि हटाइदिनु भएको छ। राज्यका अस्थायी आश्रयस्थलहरूमा मानिसहरू मास्क लगाएर एकै ठाउँमा भेला भएर बस्न बाध्य भएका छन्। आँधी प्रभावित क्षेत्रहरूमा बाढी र पहिरो गएको छ भने टेक्सासदेखि मेनसम्मको क्षेत्रमा १३ लाख ग्राहकको विद्युत लाइन काटिएको छ।

टेनिसी उपत्यकामा सप्ताहान्तमा वर्षा मापन गर्दा १५ सेन्टिमिटरसम्म वर्षा भएको पाइएको छ। टेनिसी र अलाबामाका ताल र नदीको सतह बढेको छ। (रासस-एपी


# भारतमा 'कोभिड १९' संक्रमितको संख्या १० हजार नाघ्यो, ३३९ को मृत्यु

**नयाँ दिल्ली–** भारतमा गएको २४ घन्टायता 'कोभिड १९' संक्रमितको संख्यामा १ हजार २११ जना नयाँ थपिएका छन्।

त्यसपछि भारतमा कोरोना भाइरसका संक्रमितको सङ्ख्या दश हजार ३६३ पुगेको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार बिहान जानकारी दिएको छ।

उक्त मन्त्रालयका अनुसार गएको २४ घन्टायता मृत्यु हुनेको संख्या ३१ रहेको पाइएको छ। योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान जानेको संख्या ३३९ पुगेको छ। भारतमा देखिएका यी संक्रमितहरू मध्ये १ हजार ३६ जना उपचारपछि फर्किएका जनाइएको छ। हाल ८ हजार ९८८ जना कोरोना भाइरस संक्रमितहरू उपचाररत रहेका छन्।

भारतको महाराष्ट्र राज्यमा कोभिड १९ का संक्रमितहरू दिन प्रतिदिन बढ्दै गएका छन्। महाराष्ट्र राज्यमा मात्र संक्रमितहरूको संख्या २ हजार ३३४ जना पुगेको मङ्गलबार बिहान प्राप्त समाचारमा जनाइएको छ। यसरी भारतका अरु राज्यहरूको तुलनामा महाराष्ट्र सबैभन्दा बढी प्रभावित भएको देखिएको समाचारमा जनाइएको छ।



महाराष्ट्रपछि सबैभन्दा बढी कोरोना संक्रमित नयाँ दिल्लीमा छन्। नयाँ दिल्लीमा मात्र यसका १ हजार ५१० जना संक्रमित रहेका छन्। त्यसगरी तमिलनाडूमा १ हजार १७३ सङ्क्रमित रहेका छन्। राजस्थान, मध्यप्रदेश, तेलङ्गना, गुजरात र छत्तीसगढ राज्यमा कोरोनाका संक्रमितहरू भेटिएका छन्।

गएको २४ घन्टायता त्यहाँ पनि पहिलेको तुलनामा धेरै संक्रमित भेटिएका जनाइएको छ। भारतमा यसरी दिन प्रतिदिन नयाँ नयाँ संक्रमितहरू थपिँदै जानु चुनौतीपूर्ण भएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन्। (रासस/एएनआई)

# सिनेटर स्यान्डर्सद्वारा बाइडेनलाई समर्थन गरेको घोषणा

**वासिङ्टन–**अमेरिकी राष्ट्रपतिको आगामी नोभेम्बरमा हुने निर्वाचनमा डेमोक्र्याटिक पार्टीका तर्फबाट उम्मेदवारीको प्रतिस्पर्धामा रहनु भएका सिनेटर बर्नी स्यान्डर्सले सोमबार जो बाइडेनको उम्मेदवारीलाई समर्थन गरेका छन्।

उक्त समर्थन पश्चात् आगामी नोभेम्बरको राष्ट्रपति निर्वाचनमा रिपब्लीकन पार्टीका तर्फबाट वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्प र डेमोक्र्याटिक पार्टीका तर्फबाट जो बाइडेन उम्मेदवार हुनुहुने निश्चित भएको छ। स्यान्डर्सले आफ्ना समर्थकहरूलाई पनि आगामी चुनावमा रिपब्लीकन पार्टीका तर्फबाट उम्मेदवार हुनसक्ने राष्ट्रपति डोनाल्ड ट्रम्पलाई परास्त गर्न सम्पूर्ण रूपले तयार हुन पनि आग्रह गरे। बाइडेनसँग भर्चुअल कन्फरेन्स मार्फत संवाद गर्दै सिनेटर स्यान्डर्सले भने, 'म सबै अमेरिकी जनता, सबै डेमोक्र्याट्स, सबै स्वतन्त्र नागरिक, रिपब्लीकन पार्टीका सबै समर्थकहरूलाई म आगामी चुनावमा बाइडेनलाई समर्थन जनाउन आग्रह गर्दछु।'

राष्ट्रपतिको चुनावी दौडमा रहनु भएका स्यान्डर्सले उम्मेदवारी परित्याग गरेको घोषणा गरेको एक साता नबित्दै बाइडेनलाई समर्थन जनाएको हो। सबैलाई निःशुल्क स्वास्थ्य सेवा समेतका प्रगतिशील मुद्दाहरूलाई अगाडि सारेर चुनावी दौडमा रहेका स्यान्डर्स मुख्यतः पूर्व उपराष्ट्रपति जो बाइडेनसँग धेरै राज्यमा पराजित भएका थिए।

स्यान्डर्स समेतका प्रगतिशील धारको पर्याप्त सहयोग नपाएकै कारण सन् २०१६ मा भएको राष्ट्रपति चुनावमा हिलारी क्लिन्टन पराजित भएका थिए।

गत चुनावमा डेमोक्र्याटिक पार्टीभित्र उत्पन्न विभाजनका कारण क्लिन्टन पराजित भएको निष्कर्षमा पुगेका स्यान्डर्सले यसपटक त्यही परिस्थिति दोहोरिन नदिन बाइडेनप्रति चाँडो समर्थन जनाएको अनुमान गरिएको छ।

हुनतः, बाइडेन र स्यान्डर्सबीच प्राइमरी चुनावभर कतिपय नीतिलाई लिएर एकअर्कामाथि आरोप प्रत्यारोप चलेका थिए, खासगरी सरकारी प्रणालीको बदलामा निजी स्वास्थ्य बीमा नीति अवलम्बन गर्ने विषयमा मतान्तर थिए। बाइडेनले बीमा नीतिलाई स्यान्डर्सले भनेझैं पूर्ण सरकारी नगरी निजी क्षेत्रलाई पनि समेट्नु पर्नेमा जोड दिएको छ।

भिडियो कन्फरेन्सका क्रममा स्यान्डर्सले बाइडेनलाई भने, 'हामीबीचका मतान्तरका बारेमा कुनै गोप्य कुरा छैनन्। ती विषय खुला छन्।' तर हाम्रो एकमात्र ध्येय राष्ट्रपति ट्रम्पलाई आगामी चुनावमा परास्त गर्नु नै हो, स्यान्डर्सले भने। 'हामीले ट्रम्पलाई एक कार्यकालको राष्ट्रपतिमै सीमित गर्नु पर्दछ। त्यसका लागि आफू सक्दो सहयोग गर्न तयार छु।' (रासस-एपी)

# मुद्राकोषले ऋण भुक्तानीको समयावधि ६ महिना थप्यो

राष्ट्रसंघ, न्यूयोर्क- अन्तरर्राष्ट्रिय मुद्राकोषले विश्वका अति निर्धन एवं जोखिममा रहेका नेपाल सहित विश्वका २५ वटा मुलुकको करिब ५० करोड अमेरिकी डलर बराबरको ऋण भुक्तानीको समयावधि छ महिना बढाएको छ। विश्वभर महामारीको रूप लिएको कोरोनाभाइरसका कारण उत्पन्न स्वास्थ्य एवं आर्थिक व्यवस्थापनका लागि संघर्षरत मुलुकहरूका लागि उक्त कदम चाल्नु परेको कोषले जनाएको छ।

कोषकी कार्यकारी निर्देशक क्रिस्टिलिना जर्जिभाले जारी गर्नु भएको विज्ञप्तिमा यस्तो सुविधा प्राप्त गर्ने मुलुकहरूमा नेपाल सहित अफगानिस्तान, हैटी, सोलोमन आइल्यान्ड, ताजिकिस्तान र यमन तथा अफ्रिकाका १९ वटा मुलुक रहेको उल्लेख छ। उनले भनिन्, 'कोषको यस नयाँ व्यवस्थाबाट कमजोर आर्थिक स्थिति रहेका मुलुकहरूले आफूसँग रहेको रकम अत्यावश्यकीय मेकिडल तथा अन्य राहत कार्यहरूमा खर्च गर्न मद्दत पुग्नेछ।'

मुद्राकोषको ऋण सहायता प्राप्त गर्ने १९ वटा अफ्रिकी मुलुकहरूमा बेनिन, बुर्किना फासो, मध्य अफ्रिकी गणतन्त्र, चाड, कोमोरोस, कंगो, गाम्बिया, गिनी, गिनी बिसाउ, लाइबेरिया, म्याडागास्कार, मलावी, माली, मोजाम्बिक, नाइजर, रुवान्डा, साओ टोमे, सियरा लियोन र टोगो रहेका छन्।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस समेतका १६५ जना अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरूको समूहले अत्यन्त जोखिममा रहेका राष्ट्रहरूले भुक्तानी गर्नुपर्ने ऋणको म्याद थप गर्न हालैमात्र आग्रह गर्नु भएको थियो।

जुबिली युएसए नेटवर्कका कार्यकारी निर्देशक एरिक लीकोम्प्टेले अन्तर्राष्ट्रिय मुद्राकोषको कदमको स्वागत गर्दै गरिबीको चपेटामा रहेका मुलुकहरूका लागि अझै धेरै सहायता आवश्यक रहेकामा जोड दिइन्। 'संकटको यस घडीमा सबै कर्जा माफ गर्नु आवश्यक छ।' (रासस-एपी)

## भारताल साझेदारी वन व्यवस्थापन समूह

धनगढी उप(महानगरपालिका-१४, स्याउले कैलाली
प्रथमपटक सूचना प्रकाशित मिति २०७७/०१/०३

[redacted]

यस श्री भारताल साझेदारी वन व्यवस्थापन समूहको स्वीकृत दश वर्षीय वन व्यवस्थापन योजना तथा चालु आ.व. ०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार यस वन क्षेत्रभित्र तपशिल बमोजिम कायम भएका प्लटहरूमा छपान मूल्यांकन भएका विभिन्न जातका ढलापढा रुखहरू तथा भाँचिएका रुखका हाँगाहरू कटान मुछान तथा संकलन गरी तोकिएको स्थानमा घाटगद्दी पाइलिङ तथा दाउरा चट्टा निर्माण गर्नुपर्ने भएकाले काम गर्न इच्छुक मू.अ.करमा दर्ता भएको व्यक्ति, फर्म, उद्योग तथा संघ/सस्थाबाट शिलवन्दी दरभाउ आव्हान गरिन्छ।

१) सूचना प्रकाशित भएको मितिदेखि ३० (तीस) दिनभित्र अर्थात मिति २०७७/०२/०१ गते सम्म दरभाउ पत्र फारामको दस्तुर प्लट नं. C1, C2, C3, C4 को रु. १०००।- (एक हजार) र प्लट नं. C5, C6, C7 को रु.३०००।- (तीन हजार) फिर्ता नहुने गरी बुझाई यस भारताल साझेदारी वन व्यवस्थापन समूहको कार्यालय, डिभिजन वन कार्यालय कैलाली र वन निर्देशनालय सुदूर पश्चिम प्रदेश, धनगढी, कैलालीबाट कार्यालय समयभित्र दरभाउ खरिद गर्न पाइने छ। खरिद गरेको दरभाउ रितपूर्वक भरी यो सूचना प्रकाशित मितिले ३१ (एकतिसौं) दिन अर्थात मिति २०७७/०२/०२ गते दिनको २:०० बजेसम्म भारताल साझेदारी वन व्यवस्थापन समूह र डिभिजन वन कार्यालय कैलालीमा दाखिला/दर्ता गरी सक्नुपर्ने छ।
२) दरभाउ पत्र खरिदकर्ताले यस कार्यालयबाट प्रमाणित भएको दरभाउ पत्र मात्र खरिद गर्नु पर्ने छ।
३) सम्बन्धित कार्यालयहरूमा दाखिला भएका दरभाउपत्रहरू दाखिला गर्ने अन्तिम दिनको भोलिपल्ट अर्थात मिति २०७७/०२।०३ गते दिनको २:०० बजे दरभाउ पत्र खरिदकर्ता वा निजको प्रतिनिधिहरूको रोहबरमा वा निजहरू अनुपस्थित रहे पनि नियमानुसार प्रतिनिधिहरूको रोहबरमा भारताल साझेदारी वन व्यवस्थापन समूहको कार्यालय स्याउले कैलालीमा खोलिने छ।
४) दरभाउ पत्र खरिदकर्ताले जमानत स्वरूप सम्बन्धित प्लटका लागि लागत इस्टिमेन्ट कबोल गरेको रकमको ५ प्रतिशत धरौटी रकम यस भारताल साझेदारी वन व्यवस्थापन समूहको कञ्चन डेभलमेन्ट बैं.लि. फूलबारी शाखा कार्यालयका हि.नं.०१६००१००११६००६००००००१ मा जम्मा गरेको सक्कलै भौचर र सक्कलै कागजात यसै साथ राखी पेश गर्नु पर्नेछ। फर्म दर्ताको प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्र र आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रूपले बोलपत्र फाराम साथ पेश गर्न पर्ने छ।
५) जमानत स्वरूप नगद, चेक, ड्राफ्टलाई मान्यता दिइने छैन।
६) दरभाउ पत्र स्वीकृत भएको सूचना दरभाउपत्र खोलेको बढीमा ७ दिनभित्र यस कार्यालय, डिभिजन वन कार्यालय कैलाली तथा वन निर्देशनालय सुदूर पश्चिम प्रदेश, को सूचना पाटीमा टाँस गरिनेछ। सूचना टाँस गरेको मितिले ७ दिनभित्र दरभाउपत्र स्वीकृत भएको व्यक्ति वा निकायले सम्बन्धित प्लटका लागि लागत इस्टिमेन्टको थप ५ प्रतिशत धरौटी रकम थप गरी जमानत बापत कुल १० प्रतिशत रकम धरौटी राखी करारनामा गर्नु पर्नेछ।
७) दरभाउ पत्र स्वीकृत भएको व्यक्ति वा निकायले जमानत बापत धरौटी रकम जम्मा गरी करारनामा गरेको ७ दिनभित्र वन पेशी लिई सक्नुपर्ने छ, उक्त म्याद भित्र वन पेशी नलिएमा ठेक्का तोडी सो बापत राखेको धरौटीसमेत जफत गरिनेछ।
८) शर्त राखी, म्याद नाघी वा रित नपुगी पेश भएको दरभाउ पत्रलाई मान्यता दिइने छैन।
९) छुट्टाछुट्टै लटको छुट्टाछुट्टै खाममा शिलबन्दी गरी खाम बाहिर आफ्नो नाम, ठेगाना लेखी फर्म वा संस्थाको छापसमेत लगाई दाँयातर्फ बोलपत्र पेश गरिने कार्यालयको नाम, विषय र प्लट नं. उल्लेखित गरि पेश गर्नु पर्ने छ।
१०) दरभाउ पत्रमा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
११) दरभाउ खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट क्रमशः दरभाउ पत्र बिक्री, दाखिला र खोल्ने कार्य हुनेछ।
१२) दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस भारताल साझेदारी वन व्यवस्थापन समूह/ समितिमा सुरक्षित रहने छ।
१३) दरभाउ पत्र सम्बन्धी कुनै विवाद उत्पन्न भएमा समितिले गरेको निर्णय अन्तिम हुनेछ।
१४) अन्य थप जानकारीका लागि यस कार्यालय तथा डिभिजन, वन कार्यालय कैलालीमा सम्पर्क राखी बुझ्न सकिने छ।

तपसिल

| क्र.सं. | स.डि. व.का. | प्लट नं. र प्लटको नाम | छपन रुख संख्या | नेट आयतन | दाउरा चट्टा | घाटगद्दी स्थान | कुल लागत अनुमान | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गोलिया (प्रति क्यु.फि.रु.१४६) | दाउरा (प्रति क्यु.फि.रु.१५४७०) | धरौटी |
| १ | फूलबारी | C1 | १५८ | २७३७३ | ६।७४ | स.डि.व.का. फूलबारी/ तोकेको स्थान | ३९९६४१।४२ | १०४२६७८० | २५१९५।४६ |
| २ | | C2 | २४९ | ४८४६।९ | १४।२१ | | ७०७६४०।१० | २१९८२८।७० | ४६३७३।४४ |
| ३ | | C3 | ४९४ | ९२५६।१ | २४।१२ | | १३५१३९२।०६ | ३७३१३६।४० | ८६२२६।४२ |
| ४ | | C4 | ३६५ | ४८२२।४ | १५।९६ | | ७०४०६६।०२ | २४६९०१।२० | ४७५४८।३६ |
| ५ | | C5 | १६१५ | ३९१७४ | ८८।७४ | | ५७१९४१२।७६ | १३७२८०७८० | ३५४६११।०३ |
| ६ | | C6 | ७१९ | १३१४९ | ३५।७४ | | १९१९७३६।४८ | ५५२८९७८० | १२३६३१।७१ |
| ७ | | C7 | ८०३ | १७६०२ | ३९।२९ | | २५६९८५८।४२ | ६०७८१६।३० | १५८८८३।७४ |
| जम्मा | | | ४४०३ | ९१५८६ | २२४।८ | | १३३७१७४।२६ | ३४७७६५६।०० | ८४२४७०।१६ |

कैलाली जिल्लाको आ.व.०७६/७७ जिल्ला दर रेट निर्धारण समितिबाट स्वीकृत दररेटको आधारमा लागत अनुमान गरिएको हो।

## वर्गीकृत विज्ञापन संकलन काउण्टर


**पशुपति विज्ञापन सेवा** - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। **स्मार्ट सर्भिस नेपाल प्रा.लि.**-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५। **लोटस कम्युनिकेशन**- गोंगबुचोक, फोनं. ४३६४७१। **धुवको पसल** - डिल्लीबजार, फोन नं. : ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। **दन्तकाली स्टेशनरी** - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६। **सारीका स्टेशनरी पसल** - फोन नं. ९८५११२९६८६। **ज्ञानज्योती पुस्तक पसल** - बागबजार, फोन नं. ४२४००६०। **विश्व स्वतन्त्र संचार** - सुन्धारा, फोन नं. ४२१९४१२। **निशा बुक्स एण्ड स्टेशनरी** - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। **वीडलिंक मिडिया प्रा.लि.** - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। **हिमचुली स्टेशनरी** - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। **मलः स्टेशनरी** – गटठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal**- पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर** - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२। **दाजुभाई स्टेशनरी** - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेशनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं.** ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ७५,८००/- | प्रति तोला - ७५,५००/- | प्रति तोला - ७२०/- |





# तातोपानीबाट सहजरूपमा आयात र निर्यात गर्ने निर्णय

■ प्रभाव संवाददाता

**सिन्धुपाल्चोक** – नेपाल र चीनका सरकारी अधिकारीबीच तातोपानी नाकाबाट स्वास्थ्य सामग्री र अत्यावश्यक खाद्यान्न आयात-निर्यात सहज रूपमा गर्ने निर्णय भएको छ । सीमा क्षेत्रमा भएको नियमित बैठकमा सो निर्णय भएको हो ।

बैठकको निर्णयबारे जानकारी दिँदै सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी उमेश ढकालले अब नेपाली पक्ष सामान ढुवानी गर्न पहिले जसरी खासा पुग्न नपर्ने बताए । मितेरी पुलपारि चिनियाँ क्षेत्रमा सामान ढुवानी गर्न जाने नेपालीको हेल्थ सर्टिफिकेट अनिवार्य गरिएको छ । सामान ढुवानी गर्न जाने कन्टेनरका चालक, सहचालक र मजदूरले जाङ्मुपोर्टको भन्सार यार्ड प्रवेश गर्नुपूर्व हेल्थ सर्टिफिकेट देखाउनुपर्नेछ । 'चिनियाँ पक्षले न्यालमबाट ल्याएका सामान मितेरी पुलपारि भन्सार यार्डमा अनलोड गर्ने र नेपाली कन्टेनरमा लोड गरेर लार्चास्थित सुक्खा बन्दरगाहमा ल्याएर जाँचपास गर्ने निर्णय भएको छ', बैठकमा अध्यक्षता गरेका सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी ढकालले भने ।

चिनियाँ पक्षले मितेरी पुलसँगै जोडिएको भन्सार यार्डमा सामान ल्याएर नेपाली पक्षलाई दिनेछन् । मितेरी पुलपारि भन्सार यार्डमा सामान आएपछि लार्चास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई चिनियाँ भन्सारले जानकारी गराउनेछ । पूर्वजानकारीअनुसार सामान डेलिभरी गर्ने व्यवस्था भन्सार कार्यालयले गर्नेछ ।

दुवै देशका नागरिकले मितेरी पुल पार गर्दा हेल्थ सर्टिफिकेट देखाउनुपर्नेछ । सीमामा नेपाल-चीन दुवैपट्टि हेल्थ डेस्क स्थापना गरिएका छन् । चीनका तर्फबाट स्वशासित क्षेत्र तिब्बतको न्यालम जिल्लाका सिडियो मिस्टर फेङ लि वीलगायत सातजना सहभागी थिए । नेपालतर्फ ढकालसहित सुरक्षा निकाय, अध्यागमन, भन्सार, जिल्ला जनस्वास्थ्य र क्वारेन्टाइनका प्रमुख गरी नौ सदस्य सहभागी थिए ।

# आइक्यानद्वारा १ करोड सहयोग

■ प्रभाव संवाददाता



**काठमाडौं** – नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) ले कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा एक करोड रूपैयाँ सहयोग गरेको छ । आइक्यान अध्यक्ष कृष्णप्रसाद आचार्यका अनुसार उक्त सहयोग रकम मंगलबार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयका सचिव महेन्द्र गुरागाईंमार्फत सरकारलाई हस्तान्तरण गरिएको छ । आईक्यान परिषदको गत चैत ३० गते बसेको 'भर्चुअल' बैठकले कोराना कोषमा १ करोड रूपैया सहयोग गर्ने निर्णय गरेको थियो ।

परिषद बैठकले चालु आर्थिक वर्ष र आगामी आर्थिक वर्षको बैदेशिक भ्रमण नियन्त्रण र अन्य खर्चहरू कटौति गर्ने समेत निर्णय गरेको छ । कमजोर आयस्रोत भएका तथा कोरोना भाइरसको प्रभावले विद्यार्थीलाई पर्न सक्ने आर्थिक समस्यालाई सम्बोधन गर्न नियमित छात्रवृत्तिबाहेक थप राहत कोष स्थापना गर्ने निर्णय पनि गरेको छ । 'यसबाट कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरूलाई केही राहत पुऱ्याउने हाम्रो विश्वास छ,' आचार्यले भने ।

त्यसैगरी आईक्यानले कोरोना भाइरसको प्रभावले लेखा व्यवसायमा पर्ने प्रभावका विषयमा अध्ययन गर्न प्राविधिक समिति बनाउने निर्णय गरेको छ । कोरोना भाइरसको प्रभावपछि व्यावसायिक परामर्शमा विशेष ध्यान दिनुपर्ने देखिएकोले त्यसको रणनीति तयार गर्न प्राविधिक समिति बनाउन लागिएको आचार्यले जानकारी दिए । लेखा व्यवसाय र लेखा तथा लेखापरीक्षणमान कार्यान्वयनमा पर्ने प्रभावका विषयमा पनि समितिले अध्ययन गर्नेछ ।

त्यस्तै आईक्यानले 'अनलाइन लर्निङ्ग प्लेटफर्म' तयार गरी भर्चुअल ट्रेनिङ्गका साथै विद्यार्थीका लागि 'भर्चुअल' कक्षा व्यवस्थापन भएको छ । भविष्यमा पनि यसरी नै तालिम तथा विद्यार्थीलाई कक्षा संचालन गर्न सक्ने गरी व्यवस्थापन गर्न लागिएको आइक्यानको तयारी छ । आईक्यानले विदेशी लेखा व्यवसायी संस्थासँग सहकार्य गरेर सदस्यलाई भर्चुअल ट्रेनिङ्ग र सो का आधारमा सदस्यले अनिवार्य रूपमा लिनु पर्ने अनवरत व्यावसायिक शिक्षा (सिपिई) को क्रेडिट आवर प्रदान गर्ने समेत निर्णय गरेको आचार्यले जानकारी दिए ।

# कोरोनाले फूल व्यवसायी मर्कामा

■ पेमा लामा

**काभ्रे**– आफ्नो ग्रिन हाउसमा ढकमक्क फूल फुलेपनि धुलिखेल नगरपालिका ५ श्रीखण्डपुर स्थित होरिजन नर्सरीका सञ्चालक वीरेन्द्र श्रेष्ठले हरेर दिन बिताउनुपरेको छ ।

'मेरो नर्सरीमा अहिले गुलाफ, जिप्सी, कार्नेशन, लिमोनियम (स्टाटिस) फूल ढकमक्क फुलिरहेको छ तर बेच्न नपाउँदा कुनैको कोपिला नै चुँडेर फाल्ने र कुनै काटेर चोकमा लगेर बाँड्ने गरेको छु । उनले भने, ,'.चैत २०/२२ देखि वैशाख जेठसम्म फूल बेच्ने समय हो, तर बिक्री गर्ने अवस्था नै नभएपछि काटेर फाल्नुको विकल्प छैन ।'

उनलाई यसका कारण करिब २० लाख रूपैयाँ घाटा पर्ने देखिएको छ । एकातिर आम्दानी खेरा जानु, अर्कोतिर भाडा तिर्नुपर्ने समस्या र कामदारलाई तलब कसरी खुवाउने भन्नेमा चिन्तामा श्रेष्ठ छन् । 'फुलेको फूलहरू सबै काटेर दुई/तीन पटक चोकमा लगेर राखिसकेँ, बाटोमा हिँड्नेहरूले लान त पाउँछ भनेर चौतारामा राख्ने गरेको छु ।'

बनेपा नगरपालिका १० जनागालका अर्का पुष्प व्यावसायी भोजराज तिमल्सिनाले यस वर्ष आफूहरू ठूलो मारमा परेको बताए । फ्लोरिकल्चर एशोसिएसन नेपाल काभ्रेपलाञ्चोकका पूर्वअध्यक्ष एवं युनिक फ्लोरा फर्मका सञ्चालक तिमल्सिनले फुलिरहेको फूल फाल्नुबाहेक अरु विकल्प नभएको बताए । 'फूल फुल्न थालेपछि धैर्य गर्न पनि नहुने, दिन बिराएर बजारीकरण गर्नुपर्नेमा उल्टै फाल्नका कामदार लगाउनुपर्ने अवस्था छ ।' उनले भने, 'भ्रमण वर्ष र नयाँ वर्षलाई केन्द्रित गरेर उत्पादन गरेको फूलखेती लकडाउनका कारण ठूलो घाटामा गयो ।'

बनेपा नगरपालिका १० जनागालका अर्का मोर्डन नर्सरी व्यावसायी ध्रुव दाहालले यही मौसममा विशेषगरी चल्ने फूलको विरुवा बेचेर आम्दानी गर्ने उनले यसवर्ष धेरै घाटा व्यहोर्नुपर्ने अवस्था आएको बताए । 'विशेष गरी होटलहरूमा विरुवा लाने समय हो, तर नर्सरीबाट विरुवा नै बेच्न नपाएका कारण ठूलो मार खेप्नु परेको छ,' उनले भने, 'महिनाको करिब एक लाखको दरले घाटा व्यहोर्नु परिरहेको छ ।'

एसोसिएशनका काभ्रेपलाञ्चोकका अध्यक्ष एवं होरिजन नर्सरीका सञ्चालक वीरेन्द्रबहादुर श्रेष्ठले पछिल्लो समयमा ३० जनाभन्दा बढी किसानहरूले फूल खेती गर्दै आएका छन् । व्यवसायिकरूपमा नै खेती गर्दै आएका किसानले करिब रु १५ करोडसम्मको लगानी गरी खेती गरिरहेको बेला लकडाउनले समस्यामा पारेको बताए । एसोसिएशनका काभ्रेपलाञ्चोकका उपाध्यक्ष भेषराज दनुवारका अनुसार यसवर्ष अन्दाजी रु तीन करोड भन्दा बढीको घाटामा पर्ने खतरा देखिएको छ । रासस

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा 'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष' खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

बैंकको नामः **राष्ट्रिय वाणिज्य बैंक**
शाखाः **सिंहदरबार परिसर**
खाताको नामः **कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष**
खाता नं.: **१९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, कार्यकारी सम्पादकः कमलराज राई